म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौँडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ | अङ्क:- १३९ | २०८२ चैत २८ गते शनिबार 11 April 2026, Saturday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## ३६ जनाले रक्तदान गरे

हेटौँडा: हेटौँडा-१३ मा रहेको महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २५ औँ स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम भएको छ। सहकारीको स्थापन दिवसको अवसर पारेर शुक्रबार आयोजना गरेको रक्तदान कार्यक्रममा ३६ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो। आज शनिबार एक क्लबको आयोजनाका मनहरी गाउँपालिकाको रजैयामा रक्तदान कार्यक्रम रहेको केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

सहकारीले आफ्नो स्थापना दिवसको अवसरमा चैत ८ गते नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरेको थियो । आगामी आइतबार किशोरी बचतकर्तालाई आत्मरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम र सोमबार हाजिरीजवाफ कार्यक्रम गरिने बताइएको छ । यस्तै, वैशाख १ गते फलफूल वितरण, २ गते बाल बचतकर्ताहरुको खेलकुद प्रतियोगिता र ४ गते विविध विधाहरुमा सम्मान तथा पुरस्कार वितरण एवम् सम्मान कार्यक्रम रहेको छ ।

# खण्डहर हेटौँडा कपडा उद्योग पुन: सञ्चालनको बहस




समाज संवाददाता

हेटौँडा: दुई पटक खारेज भएको हेटौँडा कपडा उद्योग पुन: सञ्चालनको बहस सुरु भएको छ। २०५७ सालदेखि बन्द अवस्थामा रहेको सो उद्योग २०६० सालमै खारेजीमा लैजाने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो ।

दोस्रो जनआन्दोलनपछि पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा पुन: सञ्चालनको तयारी गरिएको थियो । उद्योग सञ्चालन ल्याउन नसकेपछि २०६६ सालमा पुन: खारेज गरिएको उक्त उद्योग रास्वपाको सरकार बनेसँगै पुन: सञ्चालनको बहस सुरु भएको हो ।

देशका बन्द तथा रुग्ण सरकारी उद्योगहरु निजीकरण गर्ने सरकारी योजनाबिच हेटौँडा कपडा उद्योग पुन: सञ्चालनको बहस थालिएको छ। गृहमन्त्री सुधन गुरुङले हालै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको गुनासो सुनेपछि प्रहरीका लागि आवश्यक पोसाक नेपालमै उत्पादन गर्ने घोषणा गर्नुभएको थियो। प्रहरीको पोसाकको गुणस्तर कमजोर भएको उल्लेख गर्दै उहाँले देशमै उच्च गुणस्तरको कपडा उत्पादन गर्ने उद्योग स्थापना गरिने बताउनुभएको थियो ।

'अरु देशका प्रहरीको पोसाक देख्दा अपराधी नै तर्सिने खालको हुन्छ । तर हाम्रो प्रहरीको पोसाक उध्रिएको र खुइलिएको देखिन्छ', उहाँले उक्त कार्यक्रममा भन्नुभएको थियो, 'अब हामी आफैँ लुगा उत्पादन गर्ने कारखाना खोल्छौँ, जसबाट स्थानीयले रोजगारी पनि पाउनेछन् ।'

गृहमन्त्री गुरुङको प्रस्तावपछि नयाँ उद्योग खोल्ने कि, देशमै पर्याप्त संरचना भएको हेटौँडा कपडा उद्योग सञ्चालनमा ल्याउने ? भन्ने बहस सुरु भएको छ। प्रधानमन्त्री बालेन्द्र शाहले पनि सरकारी उद्योगहरुलाई सञ्चालन गर्नुपर्ने र निजी उद्योगहरुकै दाँजोमा सञ्चालन गर्न सकिने कुरा राख्दै आउनुभएको छ। यसले पनि वर्तमान सरकारबाट वर्षौंदेखि बन्द रहेको कपडा उद्योगले पुन:जीवन पाउने आशा धेरैलाई लागेको छ ।

### संसदमा उठ्यो कपडा उद्योग चलाउनुपर्ने विषय

गृहमन्त्री सुधन गुरुङले प्रहरीको पोसाक नेपालमै उत्पादन गर्ने घोषणा गरेसँगै लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग सञ्चालनको विषय संघीय संसद र बागमती प्रदेशसभामा पनि उठेको छ। संघीय संसदमा राष्ट्रिय स्वतन्त्र पार्टीका मकवानपुर क्षेत्र नम्बर-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रशान्त उप्रेती र प्रदेशसभामा ललितपुरबाट निर्वाचित प्रदेश सांसद रामकृष्ण चित्रकारले कपडा उद्योग सञ्चालनको औचित्यको बारेमा विषय उठाउनुभएको हो ।

संघीय सांसद उप्रेतीले लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग सञ्चालनका लागि पहल गर्न संघीय सरकारलाई आग्रह गर्नुभएको छ । गत बुधबार बसेको प्रतिनिधिसभा बैठकमा आफ्नो धारणा राख्दै सांसद उप्रेतीले हेटौँडा-८ स्थित कपडा उद्योग सञ्चालनको प्रतीक्षामा रहेको र त्यसका लागि सरकारको ठोस निर्णय आवश्यक रहेको बताउनुभएको थियो ।

उहाँले केही समयअघि गृहमन्त्री गुरुङले नेपाल प्रहरीका पोसाक नेपालमै उत्पादन गर्ने घोषणा गरेको विषय स्मरण गराउँदै उक्त कार्यको सुरुवात हेटौँडा कपडा उद्योगबाट गर्न सकिने धारणा राख्नुभएको हो । 'नेपाल प्रहरीको पोसाक स्वदेशमै उत्पादन गर्ने हो भने हेटौँडा कपडा उद्योग सञ्चालन गर्नु उपयुक्त हुन्छ', सांसद उप्रेतीले भन्नुभयो, 'सरकारले आवश्यक कदम चालेर उद्योग पुन: सञ्चालनमा ल्याउनुपर्छ।' हाल बन्द रहेको कपडा उद्योग नयाँ व्यवस्थापनसहित पुन: सञ्चालनमा ल्याउन सके रोजगारी सिर्जना हुनुका साथै स्वदेशी उत्पादनलाई प्रवर्द्धन हुने सांसद उप्रेतीले बताउनुभयो ।

यस्तै, प्रदेश सांसद चित्रकारले बागमती प्रदेशसभामा विभिन्न कारण र बहानामा बन्द गरिएका उद्योगहरू पुन: सञ्चालन गर्न सरकारलाई आग्रह गर्नुभएको छ। उहाँले मित्रराष्ट्रहरुको सहयोगमा स्थापना गरिएका हेटौँडा कपडा उद्योग, हेटौँडा सिमेन्ट उद्योगलगायतका उद्योगहरु पुन: सञ्चालन गर्न सकिने बताउनुभयो । स्वदेशी पुँजीको उपयोग, रोजगारी सिर्जना र नयाँ अर्थतन्त्रको विकासका लागि बन्द उद्योग सञ्चालन गर्नु अत्यन्त आवश्यक रहेको उहाँको भनाइ थियो ।

उहाँले आफू प्रदेशको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रहेका बेला पनि उद्योग पुन: सञ्चालनका लागि प्रयास गरेको उल्लेख गर्दै सरोकारवालाबाट अपेक्षित सहयोग नपाउँदा प्रयास सफल हुन नसकेको दावी गर्नुभयो। अब संघीय र प्रदेश सरकारले सहकार्य गरेर उद्योग सञ्चालनतर्फ ठोस पहल गर्नुपर्ने उहाँको भनाइ थियो ।

प्रदेश सांसद चित्रकारले उद्योग सञ्चालनसँगै भविष्यको अर्थतन्त्रलाई बलियो बनाउन विज्ञान तथा प्रविधिको अनुसन्धान र नवप्रवर्तनलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले कपडा उद्योगलगायत अन्य बन्द उद्योग सञ्चालन गर्न सके देशको कमजोर आर्थिक अवस्था मजबुत बनाउन र रोजगारीको अभावका कारण विदेश पलायन भइरहेका युवाहरू स्वदेशमै रोक्न सकिने बताउनुभयो ।

### कपडा उद्योग चलाउने सम्बन्धका के थियो सेनाको प्रस्ताव ?

कपडा उद्योग सञ्चालन गर्ने विषयमा १७ माघ २०८० मा नेपाली सेनाले सरकारलाई बुझाएको प्रतिवेदनमा हाल उद्योगमा रहेका केही संरचना र मेसिनहरु मर्मतसम्भार गर्नुपर्ने र धेरै मेसिनरी नयाँ नै खरिद गर्नुपर्ने उल्लेख गरेको थियो। सेनाले गरेको अध्ययनअनुसार तत्काल एक अर्ब ९३ करोड सुरुवाती लगानी र वार्षिक ७८ करोड सञ्चालन खर्च आफैँ जुटाएर उद्योग सञ्चालन गर्न सकिने जनाएको थियो ।

त्यसका लागि नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा बजेट पर्याप्त रहेको भन्दै उद्योग चलाउन आवश्यक पुँजी सरकारले दिन नपर्ने र सैनिक कल्याणकारी कोषबाटै खर्च गर्ने सेनाले प्रतिवेदनमा उल्लेख गरेको थियो। उद्योगबाट उत्पादित कपडा सुरक्षा निकाय र निजामती कर्मचारीलाई प्रयोगका लागि बाध्यकारी बनाउन सके बजारको कुनै समस्यासमेत नपर्ने सेनाको भनाइ थियो ।

उद्योगको स्वामित्वमा एक सय ६६ रोपनी जग्गा उपलब्ध रहेको, उद्योगका लागि आवश्यक न्यूनतम पूर्वाधार विद्यमान रहेको र उद्योग सञ्चालनका लागि अधिकांश कच्चा पदार्थ देशभित्र नै उपलब्ध रहेको सेनाले प्रतिवेदनमा उल्लेख गरेको थियो। आर्थिक वर्ष २०८१/८२ मै सरकारले नीतिगत निर्णय गरी उद्योगको स्वामित्व सेनालाई हस्तान्तरण गरिदिएको भए तत्काल पूर्वाधार निर्माण, मेसिन र उपकरण खरिदको काम गरी परीक्षण उत्पादन सुरु गर्ने तथा २०८२/८३ मा मेसिनहरु थप गरी उद्योगको क्षमता विस्तार गर्ने र नियमित उत्पादन सुरु गर्ने प्रस्ताव गरिएको थियो । उद्योग पुन: सञ्चालन गर्दा नौ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने सेनाले दावी गरेको थियो ।

### खण्डहर बनेको उद्योग

देशमै कपडा उत्पादन गर्ने लक्ष्यसहित २०३२ भदौ ३० गते कम्पनी दर्ता गरी २०३२ साल पुसमा शिलान्यास गरिएको कपडा उद्योगले २०३५ साल कात्तिकमा परीक्षण उत्पादन गरेको थियो । उद्योगको २०३५ साल मंसिर ५ गते विधिवत रुपमा उद्घाटन भएपछि यसले नियमित उत्पादन थालेको थियो ।

मुख्यगरी सुती धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा उत्पादन गर्दै आएको हेटौँडा कपडा उद्योगले नेपाली सेनाको लागि आवश्यक पर्ने कपडा पनि उत्पादन गर्ने गरेको थियो भने १२ सय श्रमिकले प्रत्यक्ष रोजगारी पाएका थिए। तर, २०४६ सालमा प्रजातन्त्र स्थापना भएसँगै उद्योगमा हुने गरेको राजनीतिक नियुक्ति, बन्द र हड्तालका कारण उद्योगले विस्तारै घाटा व्यहोर्न थाल्यो ।

पहिलोपटक आर्थिक वर्ष २०५३/५४ मा उद्योग घाटामा गएको थियो। उद्योग निरन्तर घाटमा जान थालेपछि २०५७ साल माघ १८ गते उद्योग बन्द गर्ने निर्णय भयो र यसलाई २०५९ मा पहिलोपटक खारेजीको प्रक्रियामा लगियो ।

त्यसयता उद्योग सञ्चालनका लागि प्रयास भने नभएका होइनन्। तत्कालीन बाबुराम भट्टराई नेतृत्वको सरकारले आर्थिक वर्ष २०६५/०६६ मा उद्योग पुन:सञ्चालनको निर्णय गरेको थियो । सामान्य मर्मतसम्भारपछि उद्योगले २०६६ सलामा परीक्षण उत्पादनसमेत गरिएको थियो । तर उद्योग पुरानै अवस्थामा सञ्चालन गर्न नसकिने निस्कर्षसहित २०६६ साल कार्तिक ११ गते दोस्रो पटक खारेजीको निर्णय गरियो ।

त्यसयता हेटौँडा कपडा उद्योग लामो समयदेखि बन्द अवस्थामा छ । करोडौँ मूल्यका मेसिन, ठूलो भौतिक संरचना र उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार हुँदाहुँदै पनि उद्योग वर्षौंदेखि प्रयोगविहीन अवस्थामा खण्डहर बनेको छ । उद्योग सञ्चालनका विषयमा विभिन्न समय सरकार, मन्त्रालय र सरोकारवालाबिच छलफल भए पनि ठोस निर्णय हुन सकेको छैन ।

सामान्य मर्मतसम्भार र व्यवस्थापन सुधार भए उद्योग पुन: सञ्चालन सम्भव रहेको प्रतिवेदनसमेत आइसकेको छ । यसअघि नेपाली सेनाले उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गरी तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सरकारलाई १७ माघ २०८० मा प्रतिवेदनसमेत बुझाएको थियो ।

## २ मन्त्री थपिए

समाज संवाददाता

हेटौँडा : संघीय सरकारमा २ जना मन्त्री थपिएका छन् । सरकारले मन्त्रिपरिषद् विस्तार गर्दै उद्योग र श्रम मन्त्रालयको जिम्मेवारी सुम्पेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा गौरीकुमारी यादव र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा रामजी यादव नियुक्त भएका छन्।

नवनियुक्त दुवै मन्त्री रास्वपाका बहालवाला सांसद हुन् । नवनियुक्त मन्त्रीद्वयले शुक्रबार नै राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहबीच राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रीहरुलाई सपथ गराउनुभएको हो । यसअघि श्रम मन्त्रालयको जिम्मेवारी पाएका दीपक साह विवादमा परेपछि हटाइएको थियो भने उद्योग मन्त्रालय प्रधानमन्त्री बालेन्द्र शाहले आफै राख्दै आएका थिए।

## चट्याङ लागेर भैंसीको मृत्यु

समाज संवाददाता

हेटौँडा: मकवानपुरको बागमती गाउँपालिका-७, राईटोलमा हावाहुरी र पानीसँगै परेको चट्याङका कारण एक भैंसीको मृत्यु भएको छ । बिहीबार बिहान २ बजेको समयमा स्थानीय जितुराम राईको गोठमा बाँधेर राखिएको भैंसीलाई चट्याङ लागेको घटनास्थलमै मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा अन्य कुनै मानवीय वा भौतिक क्षति भएको पुष्टि भएको छैन ।

## उपसभामुखमा रुबीकुमारी ठाकुर निर्वाचित

समाज संवाददाता

हेटौँडा : प्रतिनिधिसभाको उपसभामुख पदमा श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर निर्वाचित भएकी छन् । शुक्रबार भएको निर्वाचनमा राप्रपाकी सरस्वती लामालाई पराजित गर्दै रुबीकुमारी निर्वाचित भएको सभामुख डीपी अर्यालले सभालाई जानकारी गराए । रुबीकुमारीलाई उनको दल श्रम संस्कृतिसँगै सत्तारुढ दल रास्वपा, नेपाली कांग्रेस र नेकपाको समर्थन थियो ।


सपथग्रहण गर्नुहुँदै उपसभामुख ठाकुर।

राप्रपाले भने एकल प्रतिस्पर्धा गरेको हो। नेकपा एमालेले भने यो निर्वाचनमा भाग लिएन । शुक्रबार सदनमा २५६ सांसद उपस्थित थिए। यीमध्ये रुबीकुमारीलाई उपसभामुख बनाउने पक्षमा २२९ जनाले मतदान गरे । उनको विपक्षमा ५ जनाले मतदान गरे भने २२ जना तटस्थ बसे । राप्रपाकी सरस्वतीको पक्षमा जम्मा ५ मत खस्यो ।

नवनिर्वाचित उपसभामुख रुबीकुमारी ठाकुरले शुक्रबार नै पद तथा गोपनीयताको शपथ लिएकी छिन्। राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहका बीच ठाकुरलाई सभामुख डोलप्रसाद अर्यालले शपथ गराएका हुन्। शपथ समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, राष्ट्रिय सभा अध्यक्ष नारायण दाहाल, प्रधानमन्त्री बालेन्द्र शाह लगायत उच्च पदस्थको सहभागिता रहेको थियो ।

### हेटौँडामा एक क्रसर उद्योगमा प्रशासनको सिल

## एक जना नियन्त्रणमा

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१, चौकीटोलस्थित मापदण्ड विपरित संचालित एक क्रसर उद्योगमा प्रशासनले सिल लगाएको छ भने एक जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला समन्वय समिति मकवानपुरको अनुगमन टोली तथा जिल्ला सुरक्षा समितिको टोलीले हेटौँडा-१ स्थित चौकीटोलमा संचालनमा रहेको ग्लोबल बालुवा उद्योगमा सिल गरेको हो। उक्त उद्योगका संचालक रमेश मैनालीलाई समेत पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बालुवा उद्योग दर्ता गरी घनावस्तीमा क्रसर संचालन गरेको, अवैद्य उत्खनन् गरी नदीजन्य पदार्थ संकलन गरेको, उद्योगको दर्ता तथा नवीकरण र राजस्व सम्बन्धी कागजात नभएको भन्दै समन्वय समितिको अनुगमन टोलीले उद्योगमा सिल गरेको हो । अनुगमन टोलीले सिल गर्ने क्रममा अभद्र व्यवहार गरेको र सरकारी अधिकारीलाई काम गर्न बाधा पुऱ्याएको आरोपमा उद्योगका संचालक रमेश मैनालीलाई प्रहरीले पक्राउ गरेको हो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार गृह मन्त्रालयको निर्देशन अनुसार दर्ता नभएका र राजस्व तथा अनियमित रुपमा काम गरिरहेका क्रसर तथा वालुवा उद्योग बन्द गर्ने अभियानको तयारी भएको बताए । सोही अनुसार करिव १५ दिनअघि हेटौँडा-१ चौकीटोलको सो उद्योगको जिल्ला समन्वय समितिको नेतृत्वमा बैठक बसी अनुगमन गरिएको उनले बताए । अनुगमनका क्रममा उद्योगले आवश्यक कागजात र राजस्व दाखिलाको प्रमाण दिन नसकेको तथा अनुमती विपरित नदीजन्य पदार्थ उत्खनन् गरेको देखिएकाले सिल गरिएको उनको भनाई छ ।

२ पटकसम्म सरकारी कर्मचारीहरुलाई काम गर्न बाधा पुऱ्याएको र अभद्र व्यवहार गरेकाले संचालकलाई पक्राउ गरिएको प्रजिअ अधिकारीले बताए । जिल्लामा संचालनमा रहेको मापदण्ड विपरितका क्रसर तथा बालुवा उद्योगहरुको अनुगमनको कार्य जारी रहेको र आवश्यक कागजात नभएका उद्योगहरु संचालनमा रोक लगाइने उनले बताए । पक्राउ परेका मैनालीलाई हिरासतमै राखी अनुसन्धान गर्न सात दिनको म्याद थप भएको छ ।

## बागमतीमा सार्वजनिक सवारीको भाडा २६ प्रतिशतसम्म बढाउन सिफारिस

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेश सरकारले सार्वजनिक सवारी साधनको भाडादरमा वृद्धि गर्ने तयारी गरेको छ। शुक्रबार बसेको भाडा निर्धारण तथा समायोजन समितिको बैठकले प्रदेशको उपत्यका सहितका जिल्लाहरुमा सञ्चालन हुने सवारी साधनको भाडादर करिब २६ प्रतिशतसम्म वृद्धि गर्न सिफारिस गरेको हो ।

सिफारिस समितिको निर्णयअनुसार काठमाडौं उपत्यकामा यात्रुवाहक सार्वजनिक सवारीको साविकको भाडादरमा २५ दशमलव ९६ प्रतिशतसम्म वृद्धि गर्ने निर्णय गरेको छ । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयका महाशाखा प्रमुख प्रवीण श्रेष्ठका अनुसार 'प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली २०७८' को नियम ४ को उपनियम (१) बमोजिम गठित समितिले नयाँ भाडादर निर्धारण गरी सिफारिस गरेको हो । नियम ४ बमोजिम गठित उक्त समितिमा भौतिक पूर्वाधार विकास मन्त्रालयका महाशाखा प्रमुख संयोजक रहने व्यवस्था छ भने मुख्यमन्त्री कार्यालय, आन्तरिक मामिला, आर्थिक मामिला मन्त्रालयका प्रतिनिधि र यातायात व्यवस्था कार्यालयका प्रमुखहरु सदस्य रहने व्यवस्था रहेको छ ।

समितिको निर्णयअनुसार काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने यात्रुवाहक सवारी साधनको भाडा साविकको भाडादरमा २५ दशमलव ९६ प्रतिशतले वृद्धि गर्न सिफारिस गरिएको महाशाखा प्रमुख श्रेष्ठले बताउनुभयो । उपत्यका बाहिर यात्रुवाहक सवारी साधनको हकमा १७ दशमलव ३५ प्रतिशत भाडा बढाउने निर्णय भएको उहाँले बताउनुभयो । ट्याक्सीको भाडादरमा १२ दशमलव ३९ प्रतिशत वृद्धि गर्ने र मालवाहक सवारी साधनमा २६ दशमलव ७९ प्रतिशत भाडा वृद्धि गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

महाशाखा प्रमुख श्रेष्ठका अनुसार विद्युतीय सवारी साधनको हकमा भाडादर यथावत राखिएको छ । विद्युतीय सवारी साधनको हकमा भने २०७९ मा नै भाडादर निर्धारण भइसकेकाले हाललाई कुनै फेरबदल नगर्ने समितिले निर्णय गरेको छ। उहाँका अनुसार पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिका कारण भाडा समायोजनको सिफारिस गरिएको हो ।

वृद्धि गर्न सिफारिस भएको भाडादर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सहमतिका लागि पठाएको उहाँले बताउनुभयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट स्वीकृत भएपछि उक्त निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गरिने र राजपत्रमा सूचना प्रकाशित भएलगत्तै नयाँ भाडादर आधिकारिक रुपमा लागू हुने उहाँले



# सीमा: महिला चेतना, नारी मनोविज्ञान र प्रेमको दार्शनिक आयाम



✍तोमनाथ उप्रेती

### (१) बिषय प्रवेश :

'सीमा' नाटक समकालीन नेपाली नाटककार अर्जुन नेपालको सशक्त कृति हो । खोटाङको हाँचुरमा जन्मिएका र मोरङको बुढीगङ्गा-१ स्थायी ठेगाना भएका लेखक नाटक विधाका सशक्त सर्जक हुन् । यो कृति पुर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगरबाट २०८२ साल चैत्र २१ मा प्रकाशित भएको हो । नाटकमा प्रेम, मानवता र सामाजिक असमानताको विषयलाई मार्मिक ढंगले प्रस्तुत गरिएको छ । विशेषतः महिला स्वतन्त्रता र स्वनिर्णयको अधिकारलाई केन्द्रमा राख्दै यसले आधुनिक समाजको यथार्थ चित्रण गर्दछ ।

'सीमा' समकालीन नेपाली नाट्य साहित्यमा एक सशक्त हस्तक्षेप हो । खोटाङको हाँचुरबाट उदाएको सर्जकले मोरङको बुढीगङ्गामा बसेर समाजको बदलिँदो मनोविज्ञानलाई नाट्य भाषामा अनुवाद गरेका छन् । यो नाटक समयको दस्तावेज हो। सात दृश्यहरूमा विभाजित संरचनाले जीवनका सात तहहरू उघार्छ । प्रत्येक दृश्य एउटा दर्पण हो । प्रत्येक संवाद एउटा प्रश्न हो ।

### (२) कथावस्तु :

'सीमा' मूलतः त्रिकोणात्मक प्रेमकथामा आधारित छ, जहाँ सीमा, सञ्जय र सुवासबीचको भावनात्मक द्वन्द्वले कथा अगाडि बढ्छ । प्रेम यहाँ सरल रेखा होइन यो वृत्त हो । घुमिरहन्छ । फर्किरहन्छ । अन्ततः आफ्नै केन्द्रमा ठोक्किएर आत्मालाई घाइते बनाउँछ। सीमाको मन दुई ध्रुवबीच अड्किएको छ सञ्जयको वैभव र सुवासको संवेदनामा। एकातिर भौतिक आकर्षण, अर्कोतिर आत्मिक स्पर्श। यही द्वन्द्व नै नाटकको प्राण हो ।

'सीमा' नाटकको द्वन्द्वलाई वैश्विक नाट्य परम्परासँग तुलना गर्दा, विलियम शेक्सपियरका कृतिहरुमा देखिने प्रेमको त्रासदीसँग साम्य देखिन्छ । 'रोमियो एण्ड जुलियटमा प्रेम सामाजिक संरचना, परिवारको वैमनस्य र बाह्य दबाबसँग ठोक्किन्छ । पात्रहरू आफ्नो प्रेमलाई बचाउन संघर्ष गर्छन्, तर सामाजिक नियम र नियतिले उनीहरूलाई विनाशतर्फ धकेल्छ ।

त्यस्तै, 'सीमा' मा प्रेम बाह्य दबाब भन्दा निर्णयहीनता, मोह, आकर्षण र जिम्मेवारीबीचको संघर्ष जस्ता आन्तरिक द्वन्द्वसँग ठोक्किन्छ । सीमा दुई प्रेमीबीच फस्छिन्, तर अन्ततः आफ्नो अस्तित्व र स्वतन्त्रताको बाटो रोज्छिन् ।

दार्शनिक दृष्टिले, दुवै नाटकले प्रेम भावना मात्र होइन, निर्णय, जिम्मेवारी र मानव अस्तित्वसँग गहन सम्बन्धित छ भन्ने देखाउँछ । प्रेमले पीडा, द्वन्द्व र रुपान्तरण जन्माउँछ, जसबाट पात्र र दर्शक दुवै चेतना र आत्म-ज्ञानको अनुभव गर्छन् ।

त्यस्तै, हेनरिक इब्सेनका नाटकहरूमा पात्रहरूको आत्मसंघर्ष प्रमुख हुन्छ सीमामा पनि सीमाको अन्तर्द्वन्द्व नै कथाको मूल शक्ति बनेको छ । उनको निर्णयहीनता, प्रेम र सामाजिक दबाबबीचको द्वन्द्वले नाटकलाई दार्शनिक र भावनात्मक आयाम प्रदान गरेको छ ।

दार्शनिक दृष्टिले हेर्दा, अरस्तुको क्याथार्सिस-भावनात्मक शुद्धीकरण/मनको शुद्धि) सिद्धान्त 'सीमा' नाटकमा सजीव हुन्छ । प्रेमको मोह, आन्तरिक द्वन्द्व र पीडाबाट पात्रले गुज्रिएपछि अन्ततः आत्मशुद्धि र चेतना प्राप्त गर्छ । यस प्रक्रियाले दर्शकलाई पनि भावनात्मक शुद्धि र आत्म-प्रतिबिम्बको अनुभव गराउँछ ।

### (३) पात्रचित्रण : मनोविज्ञानको सूक्ष्म चित्र

'सीमा' एक चेतना हुन् । उनी द्वन्द्वको प्रतीक हुन्। निर्णयहीनताको प्रतिरूप हुन् । सीमाले प्रेम, सामाजिक दबाब र आन्तरिक मोहबीच निरन्तर संघर्ष गर्छिन् । उनका निर्णयहरू जीवनको मार्गनिर्देशन गर्ने शक्तिशाली संकेत हुन् ।

यो चरित्र निर्माण विश्व नाट्य परम्परासँग साम्य राख्छ। विलियम शेक्सपियरका त्रासदीका नायक-नायिकाहरू जस्तै, ह्याम्लेट वा म्याकबेथ जस्तै सीमा पनि निर्णय र अनिर्णयबीच फस्छिन् । ह्याम्लेट जस्तै उनी पनि आफ्ना भित्री द्वन्द्व र संकल्पहीनताका कारण घटनाहरूको गति र परिणाममा प्रभाव पार्छिन् ।

सीमाको आन्तरिक द्वन्द्वले बाह्य नियति निर्धारण गर्छ जसले नाटकलाई दार्शनिक विमर्श बनाउँछ । प्रेम, मोह, सामाजिक संरचना र आत्म-ज्ञानबीचको यो अन्तर्सम्बन्धले सीमालाई नेपाली नाट्य जगतमा अद्वितीय र सशक्त बनाएको छ ।

सञ्जय आधुनिकताको प्रतिनिधि हुन् । धन, शक्ति र स्वामित्वको अहंकार उनका प्रमुख विशेषताहरु हुन् । उनी प्रेमलाई अधिकार ठान्छन् । मान्छे मात्र होइन, सम्बन्ध पनि आफ्नो स्वामित्वमा रहेको अनुभव गर्छन् । यस दृष्टिले उनी व्यक्तिवादी र वर्गीय मानसिकताको प्रतिक हुन् ।

उनको चरित्र जर्ज बर्नार्ड शाँका नाटकहरूमा देखिने सामाजिक वर्गीय घमण्डसँग मेल खान्छ । शाँका पात्रहरूले समाजको असमानता, शक्तिको गलत प्रयोग र वर्गीय मतभेद मार्फत प्रेम र सम्बन्धको मूल्यांकन गर्छन् । सञ्जय पनि यस्तै प्रवृत्तिको प्रतिनिधि बनेका छन् ।

धन र शक्ति मात्र व्यक्तित्वको मूल्य होइन । प्रेममा स्वामित्व र अधिकारको भ्रमले द्वन्द्व जन्माउँछ । प्रेम स्वतन्त्रता, समझदारी र आत्मीयता आधारित हुनुपर्छ, तर सञ्जयको दृष्टिकोणले सम्बन्धमा दबाब, मोह र असमानताको गहन प्रभाव देखाउँछ । यसले नाटकमा सामाजिक चेतना र प्रेमको दार्शनिक विमर्शलाई अझ गहन बनाउँछ ।

सुवास पूर्णतः भिन्न पात्र हुन् । उनी कवि हुन् । संवेदना हुन् । उनका शब्द र भावनाले जीवनको गहन आयामलाई उजागर गर्छ । प्रेम र आत्मीयता यहाँ आकर्षण होइन अनुभूति र चेतनाको माध्यम बनेका छन् ।

यो चरित्र निर्माण रवीन्द्रनाथ ठाकुरका कृतिहरूमा देखिने आध्यात्मिक प्रेमी झैं लाग्छ। ठाकुरका पात्रहरू जस्तै, सुवास पनि शब्दमै बाँच्छन् । अनुभवमै हराउँछन् । उनी प्रेमलाई भौतिकता वा स्वामित्वको दृष्टिले हेर्दैनन् । उनी प्रेमको शुद्धता, संवेदना र आत्मिक आयाममा जीवन बिताउँछन् ।

दार्शनिक दृष्टिले, सुवासको चरित्रले सच्चा प्रेम मोह होइन, चेतना, अनुभव र आत्म-खोजको प्रक्रिया हो भन्ने देखाउँछ । सीमासँगको द्वन्द्व र संवेदनाले नाटकमा भावनात्मक गहिराइ र दार्शनिक आयाम थपेको छ ।

सरिता नाटकमा मौन साक्षीको भूमिका निर्वाह गर्छिन् । उनी कथाको सक्रिय पात्र नभए पनि घटनाहरूको अवलोकन र विश्लेषण मार्फत पाठक र दर्शकलाई कथा बुझ्ने माध्यम बनिन् । उनको मौनता गहन समझदारी र अन्तर्दृष्टिको प्रतीक हो ।

यस दृष्टिले, सरिता इब्सेनका यथार्थवादी नाटकहरूमा देखिने मौन दर्शक/निःशब्द पर्यवेक्षक पात्रसँग मेल खान्छ । इब्सेनका नाटकमा यस्तो पात्रले नै सामाजिक यथार्थ, द्वन्द्व र पात्रहरूको आन्तरिक संघर्षलाई प्रष्ट बनाउँछ । सरिता पनि सीमाको प्रेम, द्वन्द्व र निर्णयको प्रक्रियामा मौन रूपमा उपस्थित रहँदै कथाको दार्शनिक आयाम उजागर गर्छिन् ।

दार्शनिक दृष्टिले, सरिताले दर्शकको आँखाको भूमिका खेल्छिन् । उनी समाज, प्रेम र नैतिकता सम्बन्धी अन्तर्दृष्टि दिन्छिन् । उनका दृष्टान्तले नाटकलाई केवल प्रेमकथा नभई गहन सामाजिक र भावनात्मक विमर्श बनाउँछ ।

नेपाली सन्दर्भमा, दिलबहादुरको चरित्र बौद्धिकताको प्रतीक हो। उनले नाटकमा विचारको मार्गनिर्देशन गर्छन् र पात्रहरूको भावनात्मक तथा नैतिक द्वन्द्वमा स्पष्टता ल्याउँछन् । यस दृष्टिले उनी बालकृष्ण समका नाटकमा देखिने विद्वान पात्रहरू जस्तै छन्, जसले कथा मात्र अघि बढाउँदैनन्, सामाजिक र दार्शनिक विमर्शलाई पनि उजागर गर्छन् ।


त्यस्तै, शक्तिकुमार राजनीति र सामाजिक संरचनाको प्रतिनिधि हुन् । उनी समाजको वास्तविकता, शक्ति र जिम्मेवारीसँग सम्बन्धित निर्णयमा सक्रिय छन् । दिलबहादुर र शक्तिकुमार दुवै नाटकलाई व्यक्तिगत प्रेमकथामा सीमित नराखी, सामाजिक, बौद्धिक र दार्शनिक विमर्शको माध्यम बनाउँछन् । उनीहरूको उपस्थितिले 'सीमा' लाई नेपाली नाट्य परम्परामा शैक्षिक र चेतनाप्रद नाटकको दर्जा दिलाएको छ ।

### (४) संवाद र शैली :

नाटकको सबैभन्दा सुन्दर पक्ष यसको शैली हो । यसमा पद्य र गद्य, कविता र यथार्थको मिश्रण छ । यही संयोजनले पात्र र कथा दुवैलाई अनुभूतिको स्तरमा पुऱ्याउँछ । दृश्य मात्र होइन, भित्री अनुभवको अनुभव गराउँछ । उदाहरणका लागि, सुवासका संवादहरू कविता जस्ता बग्ने नदी हुन् । उनी बोल्दैनन्, बग्छन् । प्रत्येक शब्दमा संवेदना छ । प्रत्येक वाक्यमा संगीत छ । उनका अभिव्यक्तिहरूले भावनालाई छुन सक्छन्, तर तर्कलाई बाध्य पार्दैनन् । यसले नाटकलाई भावनात्मक गहिराइ दिन्छ ।

त्यसैगरी, सीमाका संवादहरू द्वन्द्वका प्रतीक हुन् । फुट्ने ऐना जस्तै, प्रत्येक वाक्य टुक्रिएको छ । प्रत्येक भाव अस्थिर छ । सीमामा रहेको असमञ्जस, निर्णयहीनता र पीडा भाषामै प्रतिध्वनित हुन्छ । यसले पाठकलाई पात्रको मानसिक स्थिति प्रत्यक्ष अनुभव गराउँछ, केवल देखाउँदैन ।

संवादका छोटो वाक्यमा गहिरो अर्थ छ । अनावश्यक शब्द छैनन् । कृत्रिमता छैन, सच्चा भावनाको अभिव्यक्ति छ । प्रत्येक शब्दले अर्थ बोकेको छ । यसले पाठकलाई सक्रिय सोचमा लगाउँछ । यस शैलीले नाटकलाई दृश्यभन्दा माथि पुऱ्याउँछ । पाठक पात्रका निर्णय, भावनात्मक उतार-चढाव, सामाजिक दबाब र आन्तरिक द्वन्द्व सबै भित्रै महसुस गर्छ । सादा शब्दमा गहन अर्थ, सरल अभिव्यक्तिमा तीव्र प्रभाव–यही नै नाटकको वास्तविक शक्ति हो ।




छोटो वाक्य, सादा भाषा, गहन अर्थ यी तीनैको संगमले नाटकलाई पाठकसँग प्रत्यक्ष संवेदनशील बनाउँछ, जसले अनुभव मात्र होइन, चिन्तन र आत्मअन्वेषण पनि उत्पन्न गराउँछ ।

### (५) प्रेमको दार्शनिक आयाम :

प्रेम यहाँ भावना होइन । यो अस्तित्वको प्रश्न हो । "के प्रेम चयन हो ? कि नियति ?"– यही प्रश्न 'सीमा' को केन्द्रमा धड्किरहेको छ । सीमाले दुई जनालाई प्रेम गर्ने प्रयास गर्छिन् । परिणाम–दुवै गुमाउँछिन् । यसले देखाउँछ, प्रेम सम्भावना होइन, यो उत्तरदायित्व हो । प्रेमको प्रत्येक निर्णयले जीवनको दिशा निर्धारण गर्छ ।

यो दार्शनिक द्वन्द्वलाई विश्व नाट्य परम्परासँग तुलना गर्दा, शेक्सपियरका त्रासदीहरू स्मरणीय हुन्छन् । रोमियो एन्ड जुलियटमा प्रेम सामाजिक अवरोध, परिवारको वैमनस्य र सामाजिक नियमसँग जुध्छ र अन्ततः मृत्युमा परिणत हुन्छ । त्यहाँ प्रेम अपरिहार्य, अपरिवर्तनीय नियति हो । पात्रहरु आफैँले नियन्त्रण गर्न सक्दैनन् । जीवनको परिणाम बाह्य शक्तिहरूले निर्धारण गर्छन् ।

तर सीमामा प्रेम आन्तरिक निर्णयसँग जुध्छ । सीमा आफ्ना भावनाहरु, मोह र विवेकबीच फस्छिन् । नियति बाह्य होइन यो भित्री मन, निर्णय र जिम्मेवारीमा छ । प्रेमको सफल वा असफल परिणाम उनका आफ्नै विकल्प र आन्तरिक संघर्षबाट आउँछ ।

दार्शनिक दृष्टिले, शेक्सपियरमा नियति बाह्य हुन्छ भने सीमामा नियति भित्री हुन्छ । यसले प्रेम, स्वतन्त्रता र व्यक्तिगत जिम्मेवारीबीचको गहन द्वन्द्व उजागर गर्छ, जसले नाटकलाई भावनात्मक नभई दार्शनिक विमर्श बनाउँछ ।

त्यस्तै, इब्सेनका नाटकहरूमा पात्रहरूले आफ्नै छनोटको परिणाम भोग्छन् । ए डल्स हाउस मा नोराले पारिवारिक र सामाजिक दबाबको सामना गर्दै स्वतन्त्रताको निर्णय लिन्छिन् । उनको निर्णय व्यक्तिगत अधिकारको लागि होइन समाज र नैतिकतासँगको द्वन्द्वको परिणाम हो ।

'सीमा' मा पनि यस्तै दृष्टान्त देखिन्छ । सीमा दुई प्रेमीबीचको द्वन्द्व, मोह र निर्णयहीनता सामना गर्छिन् । प्रेममा असफलता भोगेपछि उनी बाह्य दबाब र आन्तरिक मोहभन्दा माथि उठेर आत्मसंयम र आत्मपहिचानको बाटो रोज्छिन् ।

दार्शनिक दृष्टिले, दुवै नाटकले प्रेम मात्र जीवनको उद्देश्य होइन स्वतन्त्रता, चेतना र आत्म-ज्ञान मानव अस्तित्वका प्रधान आयाम हुन् भन्ने स्पष्ट देखाउँछन् । पात्रहरूले प्रेममा हार भोगे पनि आफ्नै मूल्य र अस्तित्वलाई बचाउँछन् । यसले दर्शक र पाठकलाई आत्म-विमर्श र जीवन मूल्यको गहन अनुभव गराउँछ ।

दार्शनिक दृष्टिले, जाँ-पोल सार्त्रेको अस्तित्ववादसँग 'सीमा' को सम्बन्ध स्पष्ट देखिन्छ । सार्त्रे भन्छन् मानिस स्वतन्त्र छ, तर आफ्ना निर्णयको पूर्ण जिम्मेवारी लिनुपर्छ । यस सिद्धान्तअनुसार, मानव जीवन विकल्पहरूको श्रृंखला मात्र हो, जसले नै उसको अस्तित्व निर्माण गर्छ ।

सीमामा प्रेम यही स्वतन्त्रता र जिम्मेवारीबीचको तनाव हो । सीमा सञ्जय र सुवासका दुई प्रेमीबीच फस्छिन् । उनको हृदयले स्वतन्त्रता खोज्छ, तर निर्णयको परिणामको भार तिर्नुपर्छ । प्रेमले आनन्द मात्र प्रदान गर्दैन । यो पीडा पनि हो । प्राप्ति मात्र होइन । गुमाउने प्रक्रिया पनि प्रेमको अनिवार्य अंग हो ।

यस दृष्टिले, प्रेम भावनात्मक अनुभव मात्र होइन, जीवनको दार्शनिक अभ्यास हो । प्रेमले पात्रलाई रूपान्तरण गर्छ । चेतना र आत्म-ज्ञानमा पुऱ्याउँछ । प्रेमले मुक्ति दिन्छ तर त्यो मुक्ति सधैं पीडाको बाटो हुँदै आउँछ ।

### (६) अरस्तुको त्रासदी सिद्धान्तसँग तुलना :

अरस्तुले त्रासदीको मूल उद्देश्य भावनात्मक शुद्धीकरण बताएका थिए। 'सीमा' यही दार्शनिक आधारमा उभिएको देखिन्छ । यहाँ त्रासदी बाह्य दुर्घटनाबाट होइन, आन्तरिक त्रुटिबाट जन्मिन्छ ।

सीमाको दोष निर्णयको कमजोरी हो । उनी प्रेमलाई स्पष्ट दिशामा लैजान सक्दिनन् । द्वन्द्वमा अड्किन्छिन् । यही अलमल नै उनको पतनको कारण बन्छ । परिणाम एकाकीपन बढ्छ । सम्बन्धहरू टुट्छन् । आत्मा थाक्छ । तर यही पीडाबाट जन्मिन्छ आत्मसंयम । यही बिन्दुमा त्रासदी आफ्नो उच्चतम अर्थमा पुग्छ । किनकि अन्त्य विनाश होइन परिवर्तन हो । सीमा बाह्य सम्बन्ध गुमाएर भित्री चेतना भेट्छिन् ।

दर्शक यो यात्रामा भावनात्मक रूपमा संलग्न हुन्छ । उनी रोइरहन्छ । सोचिरहन्छ । आफ्नै जीवनसँग तुलना गर्छ । अन्ततः एक प्रकारको शुद्धीकरण अनुभव गर्छ । सीमाले त्रासदी दुःख होइन यो आत्मबोधको प्रक्रिया हो, पीडामार्फत प्राप्त हुने एक गहन शान्ति हो भन्ने देखाउँछ ।

### (७) विश्व नाट्य परम्परासाग संवाद :

'सीमा' मा प्रेम व्यक्तिगत द्वन्द्व मात्र होइन समाजसँगको संघर्ष पनि मूल विषयवस्तु हो । सीमाको कथा जस्तै, इब्सेनका नाटकहरूमा पात्रहरू आफ्नो व्यक्तिगत इच्छासँगै सामाजिक संरचनासँग भिड्छन् । इब्सेनका नाटकहरुमा जस्तो, सीमामा पनि समाजको नियम, वर्गीय भेदभाव र परम्परागत सोचले पात्रहरूलाई चुनौती दिन्छ ।

त्यसैगरी, विचारको तीखोपन पनि स्पष्ट छ । शाँका नाटकहरूमा जस्तो सीमाले पाठक र दर्शकलाई सामाजिक मूल्य, नैतिकता र व्यक्तिगत स्वतन्त्रताको विषयमा सोच्न बाध्य बनाउँछ । संवाद र पात्रको अन्तरक्रियाले विचारशील विमर्श उत्पन्न गर्छ ।

नेपाली नाट्य परम्परामा हेर्दा समको सामाजिक यथार्थले सीमामा स्पष्ट प्रभाव पारेको देखिन्छ । समका नाटकहरु, विशेषगरी मुकुन्द इन्दिरा समाजको असमानता, वर्गीय भेदभाव र न्यायको प्रश्न उठाउँछन् । उनले पात्रहरुको द्वन्द्व र संघर्षमार्फत सामाजिक यथार्थलाई जीवित बनाउँछन् ।

'सीमा' पनि यसै परम्परामा उभिएको छ । यहाँ ग्रामीण-सहरी, धनी-गरिब, उच्च-निम्न वर्गबीचको अन्तरद्वन्द्व मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सञ्जय र सुवासबीचको भिन्न सामाजिक पृष्ठभूमि, सीमाको परिवारको संघर्ष र प्रेमको द्वन्द्वले समाजिक असमानता मात्र होइन, त्यसबाट उत्पन्न भावनात्मक र नैतिक चुनौतीलाई पनि उजागर गर्छ ।

दार्शनिक दृष्टिले, सम र अर्जुन नेपाल दुवै नाटककारले समाज र प्रेमलाई अलग-अलग तर समान गहिराइमा देखाएका छन् । समले पात्रमार्फत न्याय र सामाजिक चेतना प्रस्तुत गर्छन् भने अर्जुन नेपालले प्रेम, आत्मसंयम र व्यक्तिगत जिम्मेवारीको माध्यमबाट सामाजिक यथार्थलाई उजागर गरेका छन् । सीमामा सीमाको निर्णयहीनता, प्रेम र पीडाले यही गहन भावनात्मक संरचना प्रस्तुत गरेको छ । पात्रको भित्री अनुभूति र मनोवैज्ञानिक द्वन्द्वलाई प्रष्ट बनाउँछन् । प्रेम भावना मात्र होइन पीडा, असफलता र आत्मसंयम पनि प्रेमको अंग हुन् ।

नेपाली नाट्य परम्परामा अशेष मल्ल र गोपालप्रसाद रिमाल पनि सामाजिक चेतना र मानवीय संवेदनामा केन्द्रित छन् । मल्लले समाज, राजनीति र वर्गीय द्वन्द्वलाई सक्रिय रूपमा प्रस्तुत गर्छन् भने रिमालले भावनात्मक र नैतिक द्वन्द्वमा जीवनको सार खोज्छन् । अर्कोतर्फ, अर्जुन नेपालद्वारा रचित 'सीमा' आधुनिक नाटकमा संवाद र शैलीको अभिनव प्रयोग र भावनाको सूक्ष्मता झल्किन्छ । यहाँ पात्रको भित्री द्वन्द्व, निर्णयहीनता र संवेदनशीलता सजीव देखिन्छ।दुवैमा समाज र व्यक्तिको द्वन्द्व देखिन्छ, तर रिमालमा सामाजिक चेतना र नैतिकता, नेपालमा संवेदनशील अनुभव र शैलीगत प्रयोग मुख्य केन्द्रबिन्दु हो ।

सीमा भावनात्मक, सामाजिक र दार्शनिक विमर्शको सजीव नाटक बनेको छ । पात्रहरूको द्वन्द्व, भित्री अनुभूति र सामाजिक परिवेशले नेपाली नाट्य परम्परामा नयाँ आयाम थपेको छ ।

यसरी, सीमाले वैश्विक र नेपाली नाट्य परम्परालाई एकसाथ समेटेको छ। सामाजिक यथार्थ, विचारको तीखोपन र भावनात्मक गहिराइको संयोजनले नाटकलाई सामाजिक चेतना र दार्शनिक अनुभूतिको स्रोत बनाएको छ । नाटकले दर्शक र पाठक दुवैलाई सोच्न, अनुभूति गर्न र आफ्नै जीवनसँग तुलना गर्न बाध्य पार्छ ।

### (८) सामाजिक यथार्थ :

सीमा' नाटकमा धनी र गरिबबीचको खाडल स्पष्ट देखिन्छ । सञ्जयको घर वैभव र सम्पन्नताले भरिएको छ, जहाँ सुविधा र सामाजिक प्रतिष्ठा अति प्रष्ट छन् । अर्कोतिर, सीमाको घर साधारण जीवन, सीमित स्रोत र निरन्तर चुनौती जस्ता संघर्षपूर्ण छ । यही भौतिक फरकले प्रेम र सम्बन्धमा द्वन्द्व उत्पन्न गर्छ ।

तर नाटकको मुख्य आवाज वर्गीय भेदभाव होइन । मुख्य विषय महिला स्वतन्त्रता हो। सीमा आफ्नो जीवनको निर्णय आफैं लिन चाहन्छिन् । उनी दुई प्रेमीबीचको द्वन्द्व, सामाजिक दबाब र पारिवारिक अपेक्षाको सामना गरेर अन्ततः विवाह नगर्ने निर्णय गर्छिन्।

यो व्यक्तिगत निर्णय होइन।यो विद्रोह हो । सामाजिक परम्परा र पुरुषप्रधान संरचनाविरुद्धको स्पष्ट घोषणा हो । सीमाको निर्णयले पाठक र दर्शकलाई चुनौती दिन्छ के महिला स्वतन्त्रता केवल अधिकार हो, कि सामाजिक जिम्मेवारी पनि हो ?

नेपाली नाट्य परम्परामा यस्तो निर्भीक महिला पात्र दुर्लभ छन् । अधिकांश नाटकमा महिला पात्र समाजको नियम, परम्परा र पुरुषप्रधान संरचनामा बाँधिएका हुन्छन् । तर सीमा फरक छ । उनी प्रेमको पात्र मात्र होइनन् उनी आफ्नो अस्तित्व, आत्मसम्मान र स्वायत्तताको प्रतिक हुन् । उनको निर्णय, प्रेमको असफलता र अन्तिम प्रण विवाह नगर्ने निर्णय सिर्फ व्यक्तिगत मात्र होइन, सामाजिक सन्देश पनि हो ।

सीमाको द्वन्द्व, पीडा र स्वतन्त्रता दर्शकलाई समाज, प्रेम र आत्म-ज्ञानको गहन विमर्शमा लगाउँछ । यसले प्रेम भावनात्मक अनुभूति होइन यसको आधार आत्म-सन्मान, निर्णयको स्वतन्त्रता र जिम्मेवारी हो भन्ने देखाउँछ ।

सीमा विद्रोह, आत्मनिर्णय र सामाजिक समानताको प्रतीक हो । नाटकले स्पष्ट देखाउँछ सर्वोच्च प्रेम भनेको आफैंलाई र अरूको स्वतन्त्रता तथा स्वाभिमानलाई सम्मान गर्नु हो । नेपालको 'सीमा' नेपाली नाट्य परम्परामा महिला चेतनाको सशक्त दस्तावेज बनेको छ, जसले पाठक र दर्शक दुवैलाई सोच्न बाध्य पार्छ र सामाजिक मूल्यबारे प्रश्न उठाउँछ ।

### (९) महिला चेतना :

सीमा परम्परागत पात्र होइनन् । उनी निर्णय लिने पात्र हुन् । जीवनका चुनौती र प्रेमका द्वन्द्वबीच उनी आफ्नो बाटो आफैं रोज्छिन् । निर्णयको परिणाम स्वीकार्ने उनको क्षमता नाटकको मूल शक्ति हो ।

इब्सेनकी नोरा जस्तै सीमा पनि अन्ततः स्वतन्त्रताको बाटो रोज्छिन् । नोराले ए डल्स हाउसमा घर र सम्बन्धको पर्खाल तोडिन् । आफ्नै पहिचान र आत्मसम्मान खोजिन् । यसैगरी, सीमा पनि प्रेम र सामाजिक दबाबको पर्खाल भत्काउँछिन् ।

दुवै पात्रले सामाजिक संरचना, परम्परा र पुरुषप्रधान अपेक्षालाई चुनौती दिन्छन् । नोराको विद्रोह व्यक्तिगत स्वतन्त्रताको प्रतीक हो भने सीमाको निर्णय व्यक्तिगत मात्र होइन, सामाजिक चेतनाको आवाज पनि हो । उनीहरूले प्रेम, विवाह र सम्बन्धको सामाजिक सीमाहरूमाथि प्रश्न उठाउँछन् ।

दार्शनिक दृष्टिले, दुवै पात्र स्वतन्त्रताको अधिकार र त्यससँग जोडिएको जिम्मेवारी बुझ्छन् । प्रेम, सम्बन्ध र समाजसँगको द्वन्द्व मानव अस्तित्व र आत्म-पहिचानको दार्शनिक अभ्यास हो । नेपालले सीमा मार्फत नेपाली नाट्य परम्परामा यो चेतना जीवित बनाएका छन्, जसले दर्शकलाई सोच्न र प्रश्न उठाउन बाध्य पार्छ ।

सीमाको चरित्रले नेपाली नाट्य क्षेत्रमा महिला चेतनाको सशक्त दस्तावेज प्रस्तुत गरेको छ । उनी विद्रोह मात्र होइनन् आत्मनिर्णय, आत्म-सम्मान र आत्म-पहिचानको प्रतीक हुन् ।

यो नाटक प्रेम, सामाजिक असमानता र व्यक्तिगत स्वतन्त्रतालाई सँगै जोडेर प्रस्तुत गरेको छ । सीमा पात्रले देखाउँछ–सच्चा शक्ति निर्णयमा, जिम्मेवारीमा र आफ्नो अस्तित्वको सम्मानमा निहित छ । सीमा कथा होइन । यो चेतना हो । यो विद्रोह हो । र सबैभन्दा महत्वपूर्ण यो महिला स्वतन्त्रताको साहित्यिक घोषणा हो ।

### (१०) द्वन्द्व र उत्कर्ष:

नाटकको चरम बिन्दु सीमाको विवाह नगर्ने निर्णय प्रणमा छ । यो व्यक्तिगत निर्णय होइन । यो दार्शनिक, सामाजिक र अस्तित्वगत घोषणा हो । सीमाले देखाउँछिन् कि असफल प्रेम, सामाजिक दबाब, वर्गीय भेदभाव सबैको सामना गर्दै पनि आत्म-पहिचान र स्वतन्त्रता सर्वोपरि हुनुपर्छ ।

यो निर्णय अन्त्य होइन आरम्भ हो । निर्णयले द्वन्द्व समाप्त गर्दैन, तर रूपान्तरण ल्याउँछ । प्रेम, पीडा र असमञ्जसलाई नयाँ आयाम दिन्छ। यही रूपान्तरणले पात्रको भित्री चेतना विकास गर्छ । यसैमा त्रासदीको शुद्धीकरण र अस्तित्वको अर्थ निहित छ ।

सीमाको प्रण जाँ-पोल सार्त्रे र अल्बेर कामुका अस्तित्ववादी विचारसँग मेल खान्छ । सार्त्रे भन्छन् "मानव स्वतन्त्र छ, तर आफ्नो निर्णयको जिम्मेवार पनि ।" सीमा स्वतन्त्र छन्, तर निर्णयले उनको जीवन र सम्बन्धलाई परिभाषित गर्छ । अन्ततः सीमाको प्रणले देखाउँछ जीवन परिणाम मात्र होइन यो निर्णय, उत्तरदायित्व र आत्म-सत्यको खोज नै जीवनको वास्तविक अर्थ हो । नाटक दर्शकलाई सोच्न बाध्य बनाउँछ के असफलता मात्र अन्त्य हो, कि त्यसबाट जन्मिने चेतना पनि नयाँ आरम्भ हो ?

### (११) सन्देश : मानवता र मित्रताको पुनर्स्थापना

'सीमा' नाटकले एक गहन दार्शनिक सन्देश दिन्छ प्रेमभन्दा माथि मानवता छ । प्रेम भावनाको उच्चतम रूप हुन सक्छ, तर मानवता नै स्थायी मूल्य हो । यहाँ प्रेम क्षणिक, आकर्षण अस्थायी र भावनात्मक द्वन्द्व अस्थिर देखिन्छ ।

सीमा र पात्रहरूद्वारा चित्रित मित्रता भने स्थायी छ । मित्रता आत्मीयता हो निर्णय, समर्थन र समझदारीको प्रतिबिम्ब । प्रेममा सम्भावित मोह र प्रतिस्पर्धा हुन्छ, तर मित्रता स्वतन्त्र र शुद्ध हुन्छ । यही दृष्टिले नाटकले मानवीय सम्बन्धको दार्शनिक मूल्य प्रष्ट बनाउँछ । जीवनका क्षणिक मोह, द्वन्द्व र आकर्षणको बीचमा मानवता, मित्रता र आत्मीयता स्थायी आधारको रूपमा प्रस्तुत गरिएको छ ।

सीमाको दार्शनिक सार यो हो जीवनको मूल्य प्रेममा मात्र होइन, सम्बन्ध र मानवतामा निहित छ । प्रेम क्षणिक हुन सक्छ, तर मित्रता र मानवता अनन्त र स्थायी छन् । यही दृष्टिकोणले नाटकलाई साहित्यिक मनोरञ्जन नभई गहन दार्शनिक शिक्षामा परिणत गरेको छ ।

### (१३) कमजोरीहरू :

नेपालको 'सीमा' आधुनिक नेपाली नाट्य साहित्यमा महत्वपूर्ण योगदान हो, तर यसमा केही सीमितता पनि देखिन्छन् । नाटकको त्रिकोणात्मक प्रेम कथा भावनात्मक रुपमा गहिरो भए पनि कहिलेकाहीँ अत्यधिक जटिल र संवादहरू पुनरावृत्तिपूर्ण लाग्छन् । सीमाको निर्णयहीनता र आन्तरिक द्वन्द्व स्पष्ट भए तापनि, अन्य पात्रहरूको भावनात्मक विकास समान रूपमा प्रस्तुत नभएर कथाको प्रभाव कहिलेकाहीँ कमजोर हुन्छ । सञ्जय र सुवासबीचको द्वन्द्व प्रकट भए तापनि उनीहरूको सामाजिक र आर्थिक पृष्ठभूमि पर्याप्त विकसित नभएकोले द्वन्द्वको गहिराइ पूर्ण रूपमा अनुभव गरिँदैन । सरिता जस्ता पात्रहरू मौन साक्षीको रूपमा प्रभावशाली भए तापनि, उनको सक्रियता सीमित भएकोले कथाको गति केही दृश्यमा सुस्त देखिन्छ । नाटकको भाषा र शैली प्रभावशाली भए तापनि भावनाको अतिभार र कथानकको समानान्तर संरचनाले पाठक वा दर्शकलाई पूर्ण रुपमा संलग्न गराउन कहिलेकाहीँ चुनौती पैदा गर्छ ।

नाटकमा सञ्जय र सुवासबीचको द्वन्द्व प्रकट भए पनि केही दृश्यमा उनीहरूको सामाजिक, आर्थिक र पारिवारिक पृष्ठभूमि पर्याप्त रुपमा विकसित छैन । यसले पात्रहरूको निर्णय र व्यवहारको कारण स्पष्ट देखिन सकेको छैन । द्वन्द्वको गहिराइ र भावनात्मक प्रभाव कहिलेकाहीँ कमजोर लाग्छ । पाठक वा दर्शकले पात्रहरूको मनोविज्ञान र सम्बन्धको जटिलता पूर्ण रुपमा बुझ्न सक्दैनन् । विशेषगरी सञ्जयको धन र शक्ति र सुवासको संवेदनशीलता र चेतनाको पारस्परिक द्वन्द्व प्रष्ट भए पनि, त्यसको सामाजिक सन्दर्भ पर्याप्त देखाइएको छैन । यसले कथाको दार्शनिक र भावनात्मक प्रभावमा कमी ल्याउँछ ।

नाटकमा सरिता पात्र मौन साक्षीको रूपमा प्रभावशाली छन् । उनी घटनाहरूको अवलोकन र विश्लेषण मार्फत पाठक वा दर्शकलाई कथाको दार्शनिक आयाम बुझाउँछिन् । तर, केही दृश्यमा उनीसँग कथा अघि बढाउने सक्रिय भूमिका नहुँदा कथाको गति सुस्त देखिन्छ । सरिताको मौनता प्रभावशाली भए तापनि, उनका क्रियाशीलता वा संवादले कथालाई थप तनाव र द्वन्द्वको माध्यमबाट अघि बढाउन सकेको छैन। यसले दृश्यहरूको गतिशीलता कम गर्छ र दर्शक वा पाठकलाई पूर्ण रुपमा संलग्न गराउन कहिलेकाहीँ चुनौती सिर्जना गर्छ ।

नाटकको भाषा र शैली अत्यन्त प्रभावशाली छन् । संवादहरु सादा र गहिरा छन्, पात्रहरूको भावनात्मक द्वन्द्व मार्मिक रूपमा प्रस्तुत गरिएको छ । तर केही दृश्यमा भावनाको अतिभारले कथालाई बोझिलो बनाउँछ र दर्शक वा पाठकले सम्पूर्ण रूपमा संलग्न हुन कठिनाइ महसुस गर्छन् । साथै, नाटकको समानान्तर कथानक संरचनाले कतिपय घटनाहरूको प्रगति ढिला गराउँछ र कथाको गति सुस्त देखिन सक्छ। यी पक्षहरूले शैली र भावनाको सौन्दर्यमा सानो अवरोध सिर्जना गर्छ । त्यसैले, 'सीमा' नाटक शैली, संवाद र भावनामा समृद्ध भए तापनि, यसमा पात्र विकास, द्वन्द्वको सन्तुलन र कथानक संरचनामा सुधार गर्न सकिने ठाउँ रहेको देखिन्छ । यदि यी पक्षहरु सन्तुलित रूपमा प्रस्तुत गरिए, नाटक अझ प्रभावशाली, दार्शनिक र दर्शकलाई पूर्ण रूपमा संलग्न पार्ने क्षमता राख्ने थियो ।

### (१४) निष्कर्ष :

'सीमा' आत्मखोजको यात्रा हो । नाटकले पाठक र दर्शकलाई आफ्नो भित्री संसारसँग सामना गराउँछ । प्रेम, द्वन्द्व र पीडाका पात्रहरु मार्फत नेपालले समाजको ऐना प्रस्तुत गरेका छन् ।


नाटकको सौन्दर्य यसको शैलीमा छ । नेपालले पद्य र गद्यको संयोजन, प्रेम र दर्शनको संगम प्रस्तुत गरि नयाँ स्वर दिएका छन् । सुवासका कविता झैं संवाद, सीमाका द्वन्द्वपूर्ण संवाद, छोटा वाक्य र गहन अर्थले नाटकलाई अद्वितीय बनाउँछ ।

'सीमा' कथात्मक द्वन्द्व होइन । यो मानवीय सम्बन्ध, समाजको असमानता, महिला स्वतन्त्रता र आत्म-पहिचानको दार्शनिक विमर्श हो । पात्रहरूको द्वन्द्वले प्रेम, मित्रता र मानवताको स्थायित्वबारे गहन प्रश्न उठाउँछ । अन्ततः नाटकले सोध्छ–"सीमा कहाँ छ ? प्रेममा ? समाजमा ? कि हाम्रो आफ्नै मनमा ?" यो प्रश्नले दर्शकलाई आफ्नै जीवन, मूल्य र सम्बन्धको मूल्याङ्कन गर्न बाध्य पार्छ । प्रेम क्षणिक छ, समाजको दबाब अस्थायी छ, तर भित्री चेतना र आत्म-ज्ञान स्थायी छन् । यो चेतना, आत्म-खोज र सामाजिक विमर्शको एक सशक्त दस्तावेज हो, जसले नेपाली नाट्य जगतमा नयाँ दिशा र गहन प्रभाव छोडेको छ ।

# इन्डक्सन चुलो: ऊर्जा आत्मनिर्भर नेपालको



✍सरोज प्रसाद साह




नेपाल प्राकृतिक स्रोतका दृष्टिले सम्पन्न देश हो, विशेषगरी जलविद्युत् उत्पादनका लागि । तर विडम्बना के छ भने, हामीले उत्पादन गर्न सक्ने स्वच्छ ऊर्जाको पूर्ण उपयोग गर्न सकेका छैनौं । दैनिक जीवनको सबैभन्दा आवश्यक क्षेत्र–भान्सा–अझै पनि आयातित एलपी ग्यासमा निर्भर छ । यस्तो अवस्थामा इन्डक्सन चुलो केवल एउटा आधुनिक उपकरण मात्र नभई नेपालको ऊर्जा आत्मनिर्भरता, आर्थिक सुधार र वातावरणीय संरक्षणको आधार बन्न सक्ने महत्वपूर्ण माध्यम हो ।

इन्डक्सन चुलोले विद्युत् चुम्बकीय प्रविधिमार्फत भाँडालाई प्रत्यक्ष तताउँछ । यसले गर्दा ऊर्जा नोक्सानी न्यून हुन्छ, खाना छिटो पक्छ र ताप नियन्त्रण सहज हुन्छ । धुवाँरहित र स्वच्छ वातावरणका कारण घरभित्रको वायुप्रदूषण घट्छ, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । विशेषगरी महिलाहरू, जो परम्परागत रूपमा भान्सामा बढी समय बिताउँछन्, उनीहरूको स्वास्थ्य र श्रम दुवैमा यसले उल्लेखनीय सुधार ल्याउन सक्छ ।

आर्थिक रूपमा पनि यसको प्रभाव गहिरो छ । नेपालले प्रत्येक वर्ष ठूलो परिमाणमा पेट्रोलियम पदार्थ आयात गर्छ, जसले व्यापार घाटा बढाउँछ । यदि घरघरमा इन्डक्सन चुलोको प्रयोग बढ्यो भने, ग्यासको आयात घट्नेछ र विदेशी मुद्रा बचत हुनेछ । यसले देशको अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुऱ्याउँछ । साथै, स्वदेशी विद्युत् खपत बढ्दा जलविद्युत् आयोजनाहरुको आर्थिक उपयोगिता पनि बढ्नेछ ।

नेपाल सरकारले इन्डक्सन चुलोलाई प्रवर्द्धन गर्ने दिशामा केही महत्वपूर्ण कदम चाल्दै आएको छ । विद्युतीय उपकरणमा कर सहुलियत दिने नीति, विद्युत् खपतमा छुट दिने व्यवस्था, र विद्युतीय भान्सालाई प्राथमिकतामा राख्ने दीर्घकालीन योजना यसको उदाहरण हुन् । भविष्यमा घरघरमा विद्युतीय खाना पकाउने प्रणाली विस्तार गर्ने लक्ष्य सरकारले अघि सारेको छ, जसले ऊर्जा क्षेत्रको रूपान्तरणलाई गति दिन सक्छ ।

यस अभियानमा नेपाल विद्युत् प्राधिकरणको भूमिका झन् महत्वपूर्ण छ। प्राधिकरणले विद्युत् आपूर्ति सुदृढ बनाउन, ट्रान्सफर्मर क्षमता बढाउन, र वितरण प्रणाली सुधार गर्न निरन्तर काम गरिरहेको छ। इन्डक्सन चुलो प्रयोगलाई प्रोत्साहन दिन विद्युत् महसुलमा सहुलियत दर लागू गर्ने, उच्च क्षमताका मिटर जडान प्रक्रिया सहज बनाउने, र उपभोक्तालाई विश्वसनीय सेवा दिने प्रयास भइरहेको छ । यस्ता पहलहरूले इन्डक्सन चुलोलाई व्यवहारिक बनाउने आधार तयार गरिरहेका छन् ।

यद्यपि, चुनौतीहरू अझै कायम छन् । इन्डक्सन चुलोको प्रारम्भिक लागत धेरैका लागि महँगो महसुस हुन्छ । सबै घरमा पर्याप्त विद्युत् क्षमता उपलब्ध छैन, विशेषगरी ग्रामीण क्षेत्रमा। साथै, इन्डक्सनमैत्री भाँडाको अभाव र जनचेतनाको कमीले पनि यसको प्रयोग सीमित बनाएको छ। कतिपय मानिसमा अझै पनि "विद्युत् महँगो हुन्छ" भन्ने धारणा कायम छ, जसले व्यवहारिक प्रयोगमा अवरोध सिर्जना गरेको छ ।

यी चुनौती समाधान गर्न सरकारले थप प्रभावकारी र लक्षित नीति अपनाउन आवश्यक छ । इन्डक्सन चुलो र आवश्यक भाँडामा प्रत्यक्ष अनुदान वा किस्ताबन्दी सुविधा उपलब्ध गराउनु उपयुक्त हुन्छ। ग्रामीण तथा सहरी दुवै क्षेत्रमा २४ घण्टा स्थिर र गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्नुपर्छ । १६ एम्पियर वा सोभन्दा माथिका मिटर जडान प्रक्रिया सरल र छिटो बनाउनुपर्छ, ताकि उपभोक्ताले सजिलै इन्डक्सन प्रयोग गर्न सकून् ।

त्यसैगरी, जनचेतना अभिवृद्धि अत्यन्त महत्वपूर्ण पक्ष हो। विद्यालय, क्याम्पस, र समुदायस्तरमा "विद्युतीय भान्सा अभियान" सञ्चालन गरी यसको फाइदाबारे जानकारी दिनुपर्छ । स्थानीय तह, सहकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गरी सस्तो मूल्यमा इन्डक्सन चुलो उपलब्ध गराउन सकिन्छ । नेपाली उद्योगलाई इन्डक्सनमैत्री भाँडा उत्पादनमा प्रोत्साहन दिँदा आयात घट्ने र रोजगारी सिर्जना हुने सम्भावना पनि बढ्छ ।

अन्ततः, इन्डक्सन चुलो अपनाउनु केवल प्रविधिको परिवर्तन होइन–यो सोच र प्राथमिकताको परिवर्तन हो । जब प्रत्येक नेपालीले स्वदेशी, स्वच्छ र दिगो ऊर्जालाई दैनिक जीवनमा प्रयोग गर्न थाल्छ, तब मात्र साँचो अर्थमा ऊर्जा आत्मनिर्भरता हासिल हुनेछ । सरकार, नेपाल विद्युत् प्राधिकरण र आम नागरिकबीचको सहकार्यले यो लक्ष्य सजिलै प्राप्त गर्न सकिन्छ । अब आवश्यकता छ–दृढ इच्छाशक्ति, स्पष्ट नीति र व्यवहारिक कार्यान्वयनको ।

## गाउँखाने कथा

१. भाँडो पाक्छ, चामल पाक्दैँन के हो ?
अम्बा

२. सुरिलो रुखको एउटै पात के हो ?
• पनिउँ

३. आफू छ कागज, ठूलो छ तागत के हो ?
• पैसा

४. जति तान्यो, त्यति छोटो के हो ?
• चुरोट

५. चाँदीको ठेकी, सुनको खोल के हो ?
• केरा

## तिमी अनि म



✍सुमन राय

तिमी सूर्य हौ प्रिय,
म चन्द्र तिम्रो किरणको ।
तिमी गगन हौ प्रिय,
म रङ्ग तिम्रो मनको ।

तिमी सुर हौ प्रिय,
म धुन तिम्रो तालको ।
तिमी एक हौ प्रिय,
म छाया तिम्रो कायाको ।

तिमी बिना अधुरो छु म,
जसरी आकाश बिना तारा ।
तिमीमै हराउँछु म,
जसरी लहर समुद्रमा सारा ।

तिमी मेरो सुरुवात हौ,
तिमी नै मेरो अन्त्य ।
तिमी बिना यो जीवन,
जस्तो शब्द बिना अर्थ ।

*कक्षा-११ (विज्ञान संकाय),*
*मकवानपुर बहुमुखी*
*क्याम्पस, हेटौंडा-२*

## गजल



✍नवशिला

जिन्दगी जिन्दगी जस्तै लाग्दैन अचेल किन होला
लाग्छ मुटु र धड्कनको छैन तालमेल किन होला ?

हिजोआज म तिनीहरूकै बारेमा सोचिरहन्छु
अपराधीलाई सम्मान निर्धोलाई जेल किन होला ?

श्रमिकलाई फुर्सद छैन सास फेर्न सम्म पाउँदैन
मालिक भन्नेको यति धेरै चलखेल किन होला ?

न्यायालयले नै आज न्याय मरेको खबर सुनायो,
निर्धो माथि नै भइरहन्छ जालझेल किन होला ?

हिजो जजसलाई भनिरहेका थिए अपराधी हुन्
आज फेरि उनीहरूसँगै छ तालमेल किन होला ?

कि हाम्रै पालामा देखिएला त विकास र समृद्धि
यस्तै कुरा सोचिरहन्छ यो पोखरेल किन होला ?

*बेलबारी-२, नवदेव मार्ग*
*लालभित्ती, मोरङ*

## भ्रम



✍तेजस नेपाल

डराएको जस्तै लाग्छ हेर्दा मुहार मेरो
समस्याले भरिएको छ मेरो जीवनको सेरोफेरो
बढ्नु छ राम्रो मान्छे गर्नु छ राम्रो काम
सोच्दैछु केही गरेर राख्नुपर्छ नाम ।

मनको भ्रमले गर्दा बिग्रिन सक्छ भविष्य
अब यही कारणले मलाई सताउने छ अवश्य
मनमा छ केही पीडा जसलाई सकिन मैले रोक्न
मनको भ्रमलाई कदापि सकिदैन छेक्न ।

एक्लो छु जीवनमा पाएको छैन साथ
एक्लै जीवन बिताउनु पर्ने के गरेको थिएँ र मैले ?
एक्लै कोठामा बसेर बढ्दै छ भ्रम र डर
अब केही समयपछि हुन सक्छु बेर ।

के लेखेको छ मेरो जीवनमा एक्लै पर्ने पो हो कि
मलाई जिउन सिकाउन भगवान् आफैं आउने हो कि ?
यो डराएको मनलाई चाहिएको छ साथ
न पाउने भए साथ रहने छु तिम्रो याद ।

भ्रमलाई चिर्दै अब यथार्थमा बाँच्छु
मैले देखेको सपनालाई भविष्यसम्म सोँच्छु

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# सताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि** : समस्या समाधानका लागि प्रयास गर्नुपर्ला । भाग्यले साथ दिनेछ। व्यापार–व्यवसाय ठिकै रहने समय छ। शेयर कारोबारबाट लाभ होला । मन मस्तिष्क आध्यात्मिक काममा जाला । आलोचना र बिरोध नगर्दा राम्रो होला । पढाइ–लेखाइ मध्यम देखिन्छ । परोपकारजन्य र सामाजिक कामबाट लाभ बढ्ने समय योग छ ।

**वृष राशि** : मन एक तमासको हुने समय छ। समस्यादेखि नभाग्दा राम्रो रहने छ। भाग्यबलमा वृद्धि हुने समय योग छ। स्वास्थ्य पक्षमा देखिएको कमजोरी हट्दै जानेछ। आचरण र अनुशासन पालना गर्दा राम्रो रहने छ। यानबाहनसँग सजगता अपनाउनु पर्ला। काममा बुद्धि र विवेकको प्रयोग गर्दा राम्रो। परोपरकारजन्य काममा मन जाला। परीक्षामा सफलता छ।

**मिथुन राशि** : घरायसी प्रयोजन र भोगविलासका क्षेत्रमा व्ययभार बढ्ने समय योग छ। आर्थिक पक्ष सबल भएको देखिन्छ। प्रेम जीवन र दाम्पत्य जीवनमा प्रगाढपन बढ्ला । स्वास्थ्य कमजोर होला । घरझगडा बढ्न सक्छ । घुमघाममा मन जाने समय छ । आध्यात्मिक काममा मन जाला । अध्ययन–अध्यापन ठिकै रहने योग छ ।

**कर्कट राशि** : परीक्षामूलक काममा सफलता प्राप्त होला । ज्ञान र सीपमा वृद्धि होला । यात्रा योग र भेटघाटमा रमाइएला । घरायसी काममा समय बित्ला। व्यापार–व्यवसायमा प्रभुत्व बढ्ला। कलह भन्दा बुद्धि कौशल प्रयोग गर्दा राम्रो। धार्मिक र सामाजिक काममा मन जाने समय योग छ। पढाइ–लेखाइ मध्यमकारक छ।

**सिंह राशि** : अनुयायीले साथ दिने समय योग छ। रोकिएको काम बन्ने समय छ । नयाँ कामको सुरुवात होला । उद्यमी र लगनशील व्यक्तिले अझैँ फाइदा बटुल्ने छन् । परिश्रम र मिहिनेतले काममा सफलता । भ्रमण योगमा सरिक भइने समय छ । प्रतियोगितामा सरिक हुन अझै प्रयास गर्नुपर्ला । अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

**कन्या राशि** : आपसी तालमेल र पारिवारीक सम्बन्धलाई सुदृढ बनाउँदा राम्रो रहन्छ । आफन्तका लागि समय दिनुपर्ला । कार्यक्षेत्रमा मन हल्का होला । साथीभाइसँग मन मुटाब बढ्न सक्ला । परिबन्ध र बाध्यतामा फँसिएला । बाध्यात्मक काममा अल्झनु पर्ला । धार्मिक काममा मन जाला । पढाइ–लेखाइ ठिकै रहने समय छ ।

**तुला राशि** : दौडधूपमा समय बित्ला। पराक्रम र प्रसिद्धि बढाउने समय योग छ। लक्ष्य र उदेश्य सफल बनाउन प्रयास हुनेछ। मन अध्यात्म र दर्शनतर्फ बढ्ला । परिश्रमको प्रतिफल पाइएला । व्यापार–व्यवसाय मध्यमकारक नै छ । नोकरीमा बढुवा र जिम्मेवारी बढ्ला । आय–आम्दानी बढ्ने समय योग छ ।

**वृश्चिक राशि** : जिम्मेवारी र थप दायित्व बढ्ने योग देखिन्छ। भेटघाटमा समय व्यतित होला। व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ। पेशागत र व्यवसाय ठिकै छ। स्वास्थ्य समस्या बढ्ला। पारिवारीक दायित्व बढ्ला। परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला। धार्मिक एवम् सामाजिक काममा मन जाला।

**धनु राशि** : निर्णयात्मक र व्यवस्थापकीय पक्षका काममा मन जाला । इच्छाशक्तिले काममा जुट्नुपर्ला । अध्ययनप्रतिको लगाबले बौद्धिक क्षेत्र फराकिलो बन्ने छ । प्रतिस्पर्धामा जित होला । प्रयत्न गरेको काममा सफल भइने छ । कला, साहित्य, संगीतमा मन जाला । हडबड् नगर्दा राम्रो रहनेछ। व्यवहारिक विषयको चिन्तन बढ्ला। पढाइ ठिकै देखिन्छ।

**मकर राशि** : पछाडी बसेका कुरा काट्नेहरुसँग सजगता अपनाउँदा राम्रो रहनेछ। सामाजिक एवम् धार्मिक कृत्यमा मन जाला। परीक्षा प्रतियोगितामा सफलता हुनेछ। काममा भने सजगता अपनाउँदा राम्रो राम्रो रहनेछ। कल्पना र भावनामा केन्द्रित भइनेछ। व्यापार–व्यवसाय ठिकै छ। अरुको कामका लागि खट्नु पर्ला।

**कुम्भ राशि** : स्थिर सम्पत्ति र शेयर कारोबारबाट लाभ प्राप्त होला । बन्दव्यापार ठिकै रहने समय योग छ। सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक/साँस्कृतिक र सभा/समारोहमा सरिक भइने समय योग छ। पठन–पाठन र प्राज्ञिक क्षेत्रबाट लाभ होला। राजनीति र सामाजिक क्षेत्रमा नेतृत्वदायी भूँमिका बढ्ने समय छ।

**मीन राशि** : संघर्ष नै महत्वपूर्ण अंग हो । प्रयासले सामाजिक र नोकरीबाट मानसम्मान प्राप्त होला । सम्झौता र करारका माध्यमबाट धन बढाउँन सकिएला। व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ। मन र बुद्धि स्थिर रहँदैन । सामाजिक र आध्यात्मिक कामबाट लाभ होला । झिनामसिना घरायसी काममा अलमल होला ।

## चित्रकला






श्रृष्टी श्रेष्ठ
कक्षा-१, लिटिल बडी स्कूल, हेटौंडा-४

## मेरी आमा



✍विशाल साह

आमा तिमी नै हौ मेरो प्रेमको गीत
तिमी बिना अधुरो छ मेरो प्रित
सानैदेखि हुर्काई मलाई बनायौ ठुलो
बिरामी हुँदा सन्चो बनायौँ खुवाई ओखतीमुलो ।


दुःखमा साथी बनी, सुखमा बन्यौ छाया
तिमी बिना छैन अरू कसैको यो मनमा माया
सपना देखाई आँखाभित्र बनायौ, भविष्यको चित्र
हरेक प्रहर साथ दिने मेरो जननी, तिमी हौ मेरो असल मित्र ।

आमा तिमीले नै सिकायौ, अनेक भाषा
आमा तिमी नै जीवन, तिमी नै मेरो भरोसा र आशा
आमा तिमीलाई नै मान्छु म मेरो हृदयको भगवान
तिमी मेरो लागि यो सृष्टिको अमूल्य वरदान ।

आमा तिमी सधैं सिकाउँछौ ज्ञानको कुरा
तिमीले नै गर्छौ मेरो हरेक इच्छा पूरा
आमा तिमी नै हौ मेरो प्रेरणाको मूल ।
आमा तिमी नै हौँ मेरो जीवनको नओइलिने फूल ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौंडा-४*

## बा-आमा



✍मिथलेश यादव

आमा मेरो हिम्मत
बाबा मेरो हौसला ॥

आमा घरको आँगन
बाबा घरको छानो ॥

आमा मायाको महासागर
बाबा भरोसाको आकाश ॥

आमा शिरकी घाम
बाबा संघर्षको नाम ॥


आमा मेरो सास
बाबा मेरो आस ॥

आमा आत्माको आवाज
बाबा सपनाको आधार ॥

*कक्षा-११ (शिक्षाशास्त्र),*
*मकवानपुर बहुमुखी*
*क्याम्पस, हेटौंडा-२*

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक**

## सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

### निःशुल्क तालिम

हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग र मकवानपुर इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा.लि.को आयोजनामा चालु आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार निःशुल्क सीपमूलक तालिम प्रदान गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले ईच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेख भए बमोजिम सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**तालिमको विषय** : जुनियर व्यूटिसियन
संख्या : २० जना
समयावधि : १८० घण्टा

**आवश्यक योग्यता :**
क) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
ख) कक्षा ८ उत्तीर्ण भएको र यस पेशाप्रति ईच्छुक महिलालाई विशेष प्राथमिकता ।
ग) यस उपमहानगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्ने ।

**फारम भर्न चाहिने आवश्यक कागजातहरू**
क) पासपोर्ट साइजको फोटो १ प्रति ।
ख) नेपाली नागरिकताका प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

आवेदन फारम download का लागि QR प्रयोग गर्नुहोला

**फारम भर्ने अन्तिम मिति** : २०८३/०१/४
आवेदन बुझाउने स्थान : हेटौंडा उपमहानगरपालिका उद्योग तथा वाणिज्य शाखा (चौथो तल्ला) वा मकवानपुर इन्स्टिच्युट अफ टेक्नोलोजी प्रालि हेटौंडा-५

**सम्पर्क**
**न्यू लुक्स व्युटी सलोन एण्ड ट्रेनिङ सेन्टर, हेटौंडा-४, हुप्रचौर**
**(निर्माण व्यवसायी संघको अगाडी पट्टी)**
**सम्पर्क : ९८६५२१००३९**

## प्रधानमन्त्री कप क्रिकेट

# प्रतिसले ५ विकेट लिएपछि बागमतीको चौथो जित



समाज संवाददाता

हेटौँडा: प्रधानमन्त्री कप पुरूष एकदिवसीय क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत शुक्रबार भएको खेलमा बागमती प्रदेशले मधेश प्रदेशलाई पराजित गरेको छ । वीरगञ्जको नारायणी रंगशालामा भएको खेलमा प्रतिस जिसीले उत्कृष्ट बलिङ गर्दै ५ विकेट लिँदा बागमती प्रदेश ३५ रनले विजयी भएको हो ।

टस हारेर सुरूमा व्याटिङको निम्तो पाएको बागमती प्रदेशले मधेश प्रदेशलाई २०९ रनको लक्ष्य दिएको थियो । बागमती ४८ ओभर ४ बलमा २०८ रनमा अल आउट भएको थियो । बागमतीका उत्तम थापा मगरले ४४ रन, कप्तान सन्दिप लामिछानेले ३६ रन र रिन्जिन लामाले २९ रन बनाए । मधेश प्रदेशका पवन सर्राफले ३ विकेट, आदिल आलम र रञ्जित कुमारले समान २/२ विकेट लिए ।

लक्ष्य पछ्याएको मधेश प्रदेश १७३ रनमै रोकिएको हो । मधेश प्रदेश ३४ ओभर ३ बलमा १७३ रनमा अल आउट भएको हो । मधेशका लागि मर्न यादवले ४० रन, आदिल आलमले २७ र कप्तान अनिलकुमार साहले २६ रन बनाए । बागमतीका प्रतिस जिसीले ५ विकेट लिँदा रिजन ढकालले २ विकेट, कप्तान लामिछाने र सुवास खत्रीले समान १/१ विकेट लिए । उत्कृष्ट बलिङ प्रदर्शन गरेका बागमतीका प्रतिस प्लेयर अफ द म्याच घोषित भए । जारी प्रतियोगितामा यो बागमती प्रदेशको चौथो जित हो भने मधेश प्रदेशको दोस्रो हार हो ।

यस्तै, शुक्रबार भएको अर्को खेलमा विभागीय टोली नेपाल एपीएफ क्लबले कोशी प्रदेशलाई ५ रनले पराजित गरेको छ । जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा विभागीय टोली एपीएफ क्लबले कोशी प्रदेशलाई २२६ रनको लक्ष्य दिएको थियो । टस हारेर सुरूमा व्याटिङको निम्तो पाएको एपीएफ क्लब ४८ ओभरमा २२५ रनमा अल आउट भएको थियो । एपीएफका लागि सन्दिप जोराले ७२ रन र सुमित महर्जनले ५७ रन बनाए । कोशीका कप्तान सुजन थपलियाले ३ विकेट, विपिनकुमार महतो र दीपेश कँडेलले समान २/२ विकेट लिए ।

जवाफी व्याटिङ गरेको कोशी प्रदेश २२० रनमा अल आउट भएको हो । कोशी प्रदेश ४९ ओभर ५ बलमा २२० रनमा अल आउट भयो । कोशीका ओपनर व्याटरहरू अंकित सुवेदीले ७२ र सुमन श्रेष्ठले ७० रन बनाए भने अन्य व्याटरहरुले राम्रो प्रदर्शन गर्न सकेनन् । एपीएफ क्लबका अभिषेक गौतमले ४ विकेट र कप्तान रोहितकुमार पौडेलले २ विकेट लिए । उत्कृष्ट बलिङ प्रदर्शन गरेका गौतम प्लेयर अफ द म्याच घोषित भए ।

जारी प्रतियोगितामा ७ खेलबाट ९ अंकसहित मधेश प्रदेश अंक तालिकाको चौथो स्थानमा रहेको छ भने ८ खेलबाट समान ९ अंकसहित नेपाल एपीएफ क्लब पाँचौं स्थानमा रहेको छ । यस्तै, ८ खेलबाट ८ अंकसहित बागमती प्रदेश छैटौं स्थानमा र समान ८ खेलबाट १ अंकसहित कोशी प्रदेश अंक तालिकाको अन्तिममा रहेको छ । १० वटा टोली सम्मिलित प्रतियोगितामा हालसम्म एउटा पनि जित निकाल्न नसक्ने कोशी प्रदेश एक्लो टोली हो ।

# जलवायु परिवर्तनका असरबारे सञ्चारकर्मीलाई प्रशिक्षण

समाज संवाददाता

जिरी (दोलखा) : बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्री भरत बहादुर केसीले नेपाल विश्वव्यापी जलवायु परिवर्तनको मारमा परेको बताएका छन् । 'जलवायु परिवर्तन र यसको प्रभाव' विषयक सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रमलाई सम्बोधन गर्दै उनले जलवायू परिवर्तन गर्न बागमती प्रदेशले धेरै काम अगाडि बढाएको बताएका हुन् । उनले आफूले वन मन्त्रालयको जिम्मेवारी लिएपछि योजनाबद्धरुपमा काम गरेको बताए ।

उनले पहिले ज्यान मुद्दा लागोस् तर वन मुद्दा नलागोस् भन्ने भाष्यलाई हटाएर जनमैत्री कानुन निर्माणमा लागेको बनाए । उनले सालको काठ कटानको उदाहरण दिँदै ऐन संशोधन गरे परिवर्तन गर्न लागेको बताए । उनले बागमती प्रदेशभित्र धेरै सामुदायिक वन रहेको उल्लेख गर्दै सामुदायिक वनलाई चलायमान बनाउन अधिवेशन गर्न कार्ययोजना निर्माणलाई अगाडि बढाउन लागि परेको बताए । उनले भने, 'विगतमा सामुदायिक वन संरक्षण गरे रुख बढाएकाले अब रुख कुहिएर खेर जान नदिने र वनमार्फत आयआर्जन गर्नका लागि योजना र कानुन बनाएर अगाडि बढ्ने सोचिरहेका छौं ।'

कार्यक्रममा बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयका सचिव डा. केदार बरालले जलवायु परिवर्तनसम्बन्धी नीतिगत तथा व्यवहारिक पक्षबारे विस्तृत प्रस्तुति दिँदै जलवायु परिवर्तनसँग सम्बन्धित विद्यमान ऐन तथा नियमन, प्रदेश सरकारले अघि बढाइरहेका जलवायु अनुकूलनका कार्यक्रमहरूको अवस्थाबारे पनि प्रकाश पारेका थिए । बरालले चालु आर्थिक वर्षका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था समग्रमा सन्तोषजनक रहेको बताउँदै तिनले जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा सकारात्मक योगदान पुर्‍याइरहेको बताए । जलवायु परिवर्तनका प्रमुख कारणहरूमध्ये वन डढेलो एक महत्वपूर्ण कारणको रूपमा रहेको उल्लेख गरे ।

जलवायु परिवर्तन र यसको असरबारे सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको संयुक्त आयोजनामा 'जलवायु परिवर्तन र यसको प्रभाव' विषयक सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रम दोलखा जिल्लाको जिरीमा सुरु भएको छ । जलवायु परिवर्तन जस्तो संवेदनशील र विश्वव्यापी चुनौतीबारे सही सूचना प्रवाहमा सञ्चारकर्मीको भूमिका प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । शुक्रबार र शनिबार दुई दिन सञ्चालन हुने कार्यक्रममा बागमती प्रदेशका विभिन्न जिल्लाका ४० जना सञ्चारकर्मीको सहभागिता रहेको छ । कार्यक्रममा जलवायु परिवर्तनका कारण, प्रभाव, जोखिम न्यूनीकरणका उपाय तथा सञ्चारमाध्यमले खेल्न सक्ने भूमिकाबारे विस्तृत छलफल र प्रशिक्षण प्रदान गरिने छ ।

कार्यक्रमको पहिलो दिन वन तथा वातावरण मन्त्रालयका सचिव डा. केदार बराल, वरिष्ठ सञ्चारकर्मी सुदर्शन खतिवडा तथा भोला खतिवडाले प्रशिक्षण दिएका थिए । प्रशिक्षकहरूले जलवायु परिवर्तनका समसामयिक विषय, स्थानीय स्तरमा देखिएका असरहरू र त्यसको प्रभावकारी सञ्चारका विधिबारे आफ्ना अनुभव र ज्ञान सहभागीहरूसँग सेयर गरेका थिए । सञ्चारकर्मीलाई तथ्यपरक, जिम्मेवार र प्रभावकारी ढंगले जलवायुसम्बन्धी सामग्री प्रस्तुत गर्न सक्षम बनाउने अपेक्षासहित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगरले बताए । विश्वकै चुनौतीको रुपमा रहेको जलवायु परिवर्तन नेपालको पनि सार्वजनिक विषय भएको उनले बताए । उनले बागमती प्रदेशभित्र जलवायु परिवर्तनका असरबारे विषय उठान गर्ने बताए । उनले वन मन्त्रालयले थप यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिए । कार्यक्रम शनिबार जिरी घोषणापत्र सार्वजनिक गर्दै समापन हुनेछ ।

## आधारभूत तह परीक्षा

# मकवानपुरगढीका ७६.६१ प्रतिशत विद्यार्थी ग्रेडेड

समाज संवाददाता

हेटौँडा: मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले आधारभूत तह (कक्षा-८) परीक्षाको नतिजा सार्वजनिक गरेको छ । बुधबार सार्वजनिक भएको नतिजामा गाउँपालिकाभित्र रहेको १६ वटा विद्यालयमध्ये २ विद्यालयले शतप्रतिशत नतिजा ल्याएका छन् ।

चैत ८ गतेदेखि १६ गतेसम्म सञ्चालन भएको आधारभूत तहको पालिकास्तरीय परीक्षामा पालिकाबाट ३ सय २६ जना विद्यार्थी सहभागी भएका थिए । परीक्षामा सहभागी भएकामध्ये २ सय ३५ जना (७६.६१ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । ९१ जना विद्यार्थी ननग्रेडेड भएको पालिकाकी सहायक विद्यालय निरीक्षक भगवती घिमिरेले जानकारी दिनुभयो ।

शतप्रतिशत नतिजा हासिल गर्ने विद्यालयमा बुद्धधर्म आधारभूत विद्यालय र रुपनारायण माध्यमिक विद्यालय रहेका छन् । बुद्धधर्मबाट १२ जना र रुपनारायणबाट ११ जना विद्यार्थी सहभागी भएका थिए । यस्तै, सबैभन्दा कमजोर नतिजा वंशगोपाल माध्यमिक विद्यालयको आएको छ । वंशगोपालका परीक्षामा सहभागी ३० जनामा ११ जनामात्रै ग्रेडेड भएका छन् ।


## मोटरसाइकल हराएको सूचना

हुलास फिन सर्भ हायर पर्चेज लि.को नाममा रहेको बा.प्र. ०३-००६ प ४७८६ नम्बरको कालो रङ्गको २२० एनएस सिसीको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A36FX4SCE97118, इन्जिन नम्बर JLXCSE60315) अशरफ अंसारीले २०८२ चैत्र २६ गतेका दिन साँझ ६:०० बजेको समयमा हेटौंडा-४, अजरअमररोडको सिग्मा कम्प्लेक्समा अण्डरग्राउण्डमा पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्क : ९८६५०४९०८६**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**

सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समय: बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## जनप्रिय माविमा पूर्वप्राथमिक तहको दीक्षान्त

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) ले पूर्वप्राथमिक तहका विद्यार्थीको दीक्षान्त सम्पन्न गरेको छ। शुक्रबार विद्यालयले एक कार्यक्रम आयोजना गर्दै पूर्वप्राथमिक तहका २५ जना विद्यार्थीलाई दीक्षित गरेको हो ।

पूर्वप्राथमिक तहबाट दीक्षित विद्यार्थी अब प्राथमिक तहमा भर्ना हुनेछन् । शुक्रबारै विद्यालयले नर्सरीदेखि कक्षा ३ सम्मको वार्षिक परीक्षाको नतिजा प्रकाशित गर्दै कक्षामा प्रथम, द्वितीय तथा तृतीय हुने विद्यार्थीहरुलाई पुरस्कार वितरणसमेत गरेको छ । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले सामुदायिक विद्यालयहरुमा साना कक्षा तथा पूर्वप्राथमिक तहमा राम्रोसँग पठनपाठन हुँदैन भन्ने भ्रम जनप्रिय माविले चिर्ने प्रयास गरिरहेको बताउनुभयो । उहाँले यसअघि भएका प्रयासभन्दा फरक किसिमले शैक्षिक गुणस्तर बढाउने प्रयास विद्यालयले गरिरहेको बताउनुभयो । आफ्ना सन्तान सोही विद्यालयमा भर्ना गरेका प्रधानाध्यापक चौलागाईंले अन्य स्थानीय शिक्षकहरुले पनि सोही विद्यालयमा नै भर्ना गरेको जानकारी दिँदै विद्यालयको गुणस्तरमा सुधार गर्न तल्लो तहबाट नै ध्यान दिनुपर्ने मान्यता विद्यालयको रहेको बताउनुभयो ।

हेटौँडा उपमहानगरपालिका वडा नं १६ का वडा अध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका ज्येष्ठ सदस्य इन्द्रप्रसाद खतिवडाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौँडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका अधिकृतहरु रमेश बिडारी, राजमणि शर्मा, विद्यालय व्यवस्थापन समितिका सल्लाहकार हरु गुन्जनबहादुर न्यौपाने, रामकृष्ण तिवारी, श्रोत खोजी व्यवस्थापन समितिका संयोजक कृष्णप्रसाद पनेरु, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु लगायत शिक्षक तथा विद्यार्थीहरु एवम् अभिभावकहरुको उपस्थिति थियो ।

२०६३ सालबाटै प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन हुँदै आएको जनप्रियमा हाल ११ जना यसै तहका लागि शिक्षकहरु नियुक्त गरिएका छन् । विद्यालयमा करिब एक सय ५० जना विद्यार्थीहरु पूर्वप्राथमिक तहमा अध्ययनरत छन् । विद्यालयमा आउँदो शैक्षिक सत्रबाट थप ४५ जना नयाँ बालबालिकाहरु नर्सरीमा भर्ना भइसकेको विद्यालयले जनाएको छ ।

## सूर्यनगर गोल्डकप

# हेटौँडा फुटबल एकेडेमी सेमिफाइनलमा प्रवेश

समाज संवाददाता

हेटौँडा: १० औं संस्करणको सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। शुक्रबार प्रतियोगिताको उद्घाटन खेलमा चितवनको हार्दिक युवा समाजलाई पराजित गर्दै हेटौँडा फुटबल एकेडेमी सेमिफाइनलमा प्रवेश गरेको छ ।

हेटौँडा फुटबल एकेडेमीले हार्दिक युवा समाजलाई टाइब्रेकरमा ४-१ गोल अन्तरले पराजित गरेको छ । निर्धारित समयमा दुबै टोली गोलरहित बराबरीमा खेल्दा खेल पेनाल्टी सुटआउटमा पुगेको थियो । उत्कृष्ट प्रदर्शन गरेका हेटौँडा फुटबल एकेडेमीका गोलरक्षक अस्मिर गोङ्बा म्यान अफ द म्याच घोषित भए । उनले ३ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गरे ।

हेटौँडा फुटबल एकेडेमीले सेमिफाइनलमा बैशाख १ गते रुपन्देहीको देवदह ब्वाइज र पर्साको वीरगञ्ज युनाइटेडबिचको विजेता टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। नवलपुर (बर्दघाट सुस्तापूर्व) को बर्दघाट-१६ स्थित सूर्यनगरको श्री नवयुवा क्लबको आयोजना तथा बर्दघाट नगरपालिकाको संरक्षकत्वमा सञ्चालित यस अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगितामा हेटौँडा एकेडेमी सहित ८ वटा टोलीले सहभागिता जनाउनेछन् । प्रतियोगिता बैशाख ४ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको उपाधि विजेता टोलीले ६ लाख ६६ हजार ६६६ रुपैयाँ र उपविजेता टोलीले ३ लाख ३३ हजार ३३३ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रत्येक खेलमा म्यान अफ द म्याच हुने खेलाडीका लागि पनि पुरस्कार व्यवस्था गरिएको छ ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/१२/२५ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक : उत्तम खड्का समेत-३ जना (छोरा/बुहारी)        जग्गावाला : इन्द्र कुमारी खड्का (आमास)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ४ को इन्द्र कुमारी खड्काको नाममा नाप नक्सा भएको, तसलिका जग्मा हटिया मौजेको रैती नं. ९१ को रैती ईन्द्र कुमारी खड्काको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज जग्गावाला ईन्द्र कुमारी खड्काको मिति २०६४/०४/२४ मा मृत्यु भएको र निजको एक मात्र पति कमल बहादुर खड्काको पनि मिति २०२८/१०/०२ मा मृत्यु भईसकेकोले निजहरुको हकमा हकखाने हकदारहरुमा निजहरुबाट जायजन्म भएको छोराहरूमा जेठो शंभू खड्का, माहिलो मुकुन्द बहादुर खड्का र कान्छो उत्तम खड्का भएकोमा जेठो शंभु खड्काको पनि मिति २०६९/०५/०७ मा मृत्यु भएको र निजको हकमा हकखाने एक मात्र पत्नि सरस्वती खड्का भएको साथै माहिलो छोरा मुकुन्द बहादुर खड्काको पनि मिति २०७८/११/१२ मा मृत्यु भईसकेको र निजको हकमा हकखाने एक मात्र पत्नि इन्द्र कुमारी खड्का भएकोले जग्गावालाको अब उपरान्त हकखाने नजिकका जिवित हकदारहरु एक छोरा उत्तम खड्का तथा बुहारीहरु सरस्वती खड्का र इन्द्र कुमारी खड्का मात्र भएको र उल्लेखित तपशिलका जग्गा साविकमा फिल्डबुकवाला ईन्द्र कुमारी खड्का मृत्यु पूर्व निजले नै र निजको मृत्यु पश्चात निजका उल्लेखित हकदार एक छोरा तथा बुहारीहरुले नै साविक देखि हाल सम्म निरन्तर रुपमा जोतभोग तथा भोगचलन गरी आएकोले निवेदक छोरा उत्तम खड्का तथा बुहारीहरु सरस्वती खड्का र इन्द्र कुमारी खड्काको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका १७ नम्बर वडा कार्यालयको च.नं. ५११० मिति २०८१/०२/२९ को छुट जग्गा दर्ता नामसारी सम्बन्धी हकदार तथा हकभोग समेत खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं. मि.नं. २६७ मिति २०८२/१०/०९ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस/नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/निवेदक | |
| १ | इन्द्र कुमारी खड़का पं. हटिया वडा नं.- ४ लोग्ने - कमल बहादुर | हटिया | ४ | ९१२ | १-९-८.५ | उत्तम खड्का-१ र सरस्वती खड्का-१ इन्द्र कुमारी खड्का गरी ३ जना | जिल्ला मकवानपुर, हटिया मौजेको, रै.नं. ११९ को रैती कृष्ण बहादुर थापा मगर |

# छुट्टाछुट्टै घटनामा ३ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेशको ३ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको दोलखा, चितवन र नुवाकोट जिल्लामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दोलखाको गौरीशंकर गाउँपालिका-९ स्थित छो-रोल्पा क्षेत्रमा एक युवकको लेक लागेर मृत्यु भएको छ। मृत्यु हुनेमा सोही वडाको टाँसिनाम बस्ने २२ वर्षीय सुकमान तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । ६ महिनाअघि जडान गरिएको पानीको बहाव नाप्ने उपकरण जापनिज प्रोजेक्टको सामग्री संकलन गर्न ११ जनाको टोलीमा गत शुक्रबार सुकमान आएका थिए। सोही क्रममा मंगलबार साँझ ६ बजेतिर तामाङ अचानक बिरामी परेका थिए। उनको अवस्था गम्भीर बन्दै गएपछि बुधबार घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

नुवाकोटको विदुर नगरपालिका-९, शिलट्याङ भित्री सडकखण्डमा स्कुटर सडक छेउको बिजुलीको पोलमा ठोक्किएर एक किशोरीको मृत्यु भएको छ भने एक किशोर घाइते भएका छन्। आइतबार राति ९ बजेको समयमा शिलट्याङबाट विदुरतर्फ जाँदै गरेको बा ५६ प ७६४६ नम्बरको स्कुटर सडक छेउको बिजुलीको पोलमा ठक्कर खाई अनियन्त्रित हुँदा १५ मिटर तल खसेको प्रहरीले जानकारी दिएको छ।

दुर्घटनामा स्कुटर चालक विदुर नगरपालिका-५, देवीघाटका १५ वर्षीय जुसेफ तामाङ र पछाडि सवार किस्पाङ गाउँपालिका-१, भाल्चेकी १७ वर्षीया पूर्णिमा घले घाइते भएका थिए । घाइते दुबैलाई प्रारम्भिक उपचारका लागि त्रिशूली अस्पताल लगिएको थियो । अवस्था गम्भीर भएपछि पूर्णिमालाई थप उपचारका लागि काठमाडौं मेडिकल कलेज अस्पताल र पछि पुनः त्रिवि शिक्षण अस्पताल (टिचिङ) लगिएको थियो । उपचारका क्रममा बिहीबार बिहान १० बजेर ५६ मिनेटको समयमा पूर्णिमाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

चितवनको माडी-ठोरी हुलाकी राजमार्ग अन्तर्गत माडी नगरपालिका-८, खरकट्टा क्षेत्रमा बसले ठक्कर दिँदा एक पैदलयात्रीको मृत्यु भएको छ । बिहीबार साँझ ५ बजेर ५ मिनेटको समयमा नारायणगढबाट ठोरीतर्फ जाँदै गरेको बा प्र ०६-००१ ख ०२०४ नम्बरको बसले बाटो क्रस गर्दै गरेकी पैदलयात्रीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा माडी नगरपालिका-८, खरकट्टाका मानसिक अवस्था अस्थिर रहेकी १८ वर्षीया प्रीति परियार गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि बघौडा अस्पताल माडी लगिएको थियो । उपचारका क्रममा साँझ ६ बजेर ४० मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ । बस र चालक माडी नगरपालिका-६, कल्याणपुरका ४५ वर्षीय गुप्तबहादुर गुरुङलाई प्रहरीले नियन्त्रणमा लिइएको छ ।

## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/०५ गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**

**समृद्ध समाज राष्ट्रिय दैनिक**

**हेटौँडा-४, मकवानपुर**

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ